छत्रेश्वरी गाउँपालिका

# शिक्षा क्षेत्र योजना

# Educatoin Sector Plan (2022-026)

## २०७९-०८३

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भोटेचौर, सल्यान
अध्यावधिक २०८१

# छत्रेश्वरी गाउँपालिकाको

# शिक्षा क्षेत्रको योजना, २०७९–२०८३

# Education Sector Plan, 2022-2027

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भोटेचौर, सल्यान

| | | |
|---|---|---|
| पुस्तक | : | शिक्षा क्षेत्रको योजना (Education Sector Plan) |
| प्रकाशक | : | छत्रेश्वरी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>शिक्षा, युवा तथा खेलकुद शाखा<br>भोटेचौर, सल्यान |
| प्रकाशन मिति | : | २०७९ |
| अध्यावधिक मिति | : | २०८१ |
| प्रकाशन प्रति | : | २६० |
| मुद्रण | : | बागेश्वरी प्रिन्टर्स तुलसीपुर-५, दाङ |
| सम्पर्क नं. | : | ९८५७८४९५८०, ९८४७८२८३१४ |

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :
९८५७८४४००

# मेरो भनाइ

छत्रेश्वरी गाउँपालिकाको शैक्षिक भविष्यलाई मार्गदर्शन गर्ने र समृद्धिको आधारस्तम्भ स्थापित गर्ने महत्वपूर्ण दस्तावेजका रूपमा रहेको **'छत्रेश्वरी गाउँपालिका पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (२०७९–२०८३)'** यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गर्व र हर्षको अनुभूति भएको छ । यो योजना केवल कागजी दस्तावेज होइन, **'शिक्षित, सभ्य र समृद्ध छत्रेश्वरी'** निर्माण गर्ने हाम्रो साझा सपनाको स्पष्ट मार्गचित्र हो ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । सोही संवैधानिक भावना अनुरूप स्थानीय तहबाट शैक्षिक रूपान्तरणको नेतृत्व गर्ने जिम्मेवारी हामीमाथि आएको छ । यस योजनाले सोही जिम्मेवारी पूरा गर्ने उद्देश्यले **"म बनाउँछु, मेरो छत्रेश्वरी"** भन्ने नारालाई आत्मसात् गर्दै, हाम्रो गाउँपालिकाको शैक्षिक अवस्थाको यथार्थपरक विश्लेषणसहित आगामी पाँच वर्षका लागि स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरू तय गरेको छ ।

गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षामार्फत हाम्रा बालबालिकालाई विश्वबजारमा प्रतिस्पर्धी बनाउने लक्ष्य यो योजनाको मूल अभिप्राय हो । शैक्षिक पहुँच र समावेशिताको सुनिश्चितता, भौतिक पूर्वाधारको सुदृढीकरण, शिक्षकहरूको पसागत विकास तथा उत्प्रेरणा र स्थानीय आवश्यकता एवं सम्भावनामा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार यस योजनाका प्रमुख प्राथमिकताहरू हुन् । त्यस्तै शिक्षालाई युवा तथा खेलकुदसँग जोडेर बालबालिकाको चौतर्फी विकासमा केन्द्रित रहनु पनि हाम्रो प्रमुख दृष्टिकोण हो ।

योजनाको सफलता कार्यान्वयनबाट मात्र सार्थक बन्छ । त्यसैले यो महान् लक्ष्य/ उद्देश्य हासिल गर्न गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाको एकल प्रयास पर्याप्त हुँदैन । सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सरकारी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज तथा सम्पूर्ण गाउँपालिकाबासीहरूको सक्रिय सहभागिता, सहकार्य र रचनात्मक सुझाव अत्यावश्यक छन् र रहिरहने छन् ।

गाउँपालिका अध्यक्षको हैसियतले म योजना कार्यान्वयनका लागि आवश्यक नीतिगत, आर्थिक र भौतिक स्रोत साधनको व्यवस्थापन गर्न गाउँ कार्यपालिका पूर्ण रूपमा प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु । आउनुहोस्, हामी सबै मिलेर यो शैक्षिक अभियानलाई सफल पारौं र भावी पुस्ताका लागि उज्यालो भविष्य निर्माण गरौं ।

अन्त्यमा, यो महत्वपूर्ण योजना निर्माण तथा अद्यावधिक प्रक्रियामा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक आभार व्यक्त गर्दै सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

मंसिर, २०८१

ओज बहादुर बुढाथोकी
अध्यक्ष
छत्रेश्वरी गाउँपालिका, सल्यान

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

९८५७८४४४००

## मेरो भनाइ

हाम्रो छत्रेश्वरी गाउँपालिकाको शैक्षिक विकासको इतिहासमा एक नयाँ अध्याय थप्दै **'पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (२०७९–२०८३)'** को निर्माण, अद्यावधिक तथा प्रकाशनको चरणमा पुगेको यस सुखद अवसरमा सम्पूर्ण छत्रेश्वरीवासी तथा शिक्षाप्रेमी महानुभावहरूमा हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु ।

**शिक्षा नै उज्यालो भविष्य र समृद्ध समाजको मूल आधार हो ।** यही यथार्थलाई आत्मसात् गर्दै हामीले सामूहिक विवेक, अनुभव र सहभागी प्रक्रियामा आधारित रही यो महत्वपूर्ण योजना तयार गरेका छौं । यस योजनाले गाउँपालिकाभित्रका शैक्षिक चुनौतीहरूको यथार्थ चित्र प्रस्तुत गर्दै तिनको समाधान र विद्यमान अवसरहरूको अधिकतम उपयोगका लागि स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ ।

विशेषगरी, विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने, लक्षित वर्ग, अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न समुदायका बालबालिकाहरूका लागि विशेष शैक्षिक अवसर सिर्जना गर्ने र समग्रमा गुणस्तरीय, जीवनोपयोगी तथा समावेशी शिक्षा सुनिश्चित गर्न यस योजनाले विशेष प्राथमिकता दिएको छ ।

यस योजनाको सफल कार्यान्वयन र प्रभावकारी अनुगमनका लागि म सदैव प्रतिबद्ध रहनेछु । योजनामा उल्लिखित लक्ष्यहरू प्राप्त भए/ नभएको, विनियोजित स्रोतको पारदर्शी र प्रभावकारी उपयोग भए/ नभएको, र योजनाबाट लक्षित वर्गहरू लाभान्वित भए/ नभएको सुनिश्चित गर्न हामी निरन्तर लागिरहनेछौं ।

योजना कार्यान्वयनको सफलता कार्यपालिका सदस्यहरूको सहकार्य, शिक्षकहरूको समर्पण, अभिभावकहरूको सक्रिय सहभागिता र विद्यार्थीहरूको निरन्तर मिहिनेतमा निर्भर गर्दछ । तसर्थ, यो शैक्षिक महायज्ञमा सबैले आ-आफ्नो स्थानबाट सक्दो योगदान पुऱ्याउनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्तमा, यस महत्वपूर्ण दस्तावेज निर्माण तथा अद्यावधिक प्रक्रियामा सङ्लग्न कार्यदल, शिक्षा, युवा तथा खेलकुद शाखा तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यो योजना **'समृद्ध छत्रेश्वरी'** निर्माणतर्फको हाम्रो साझा यात्राको एक सशक्त कोसेढुङ्गा सावित हुनेछ भन्ने दृढ विश्वास व्यक्त गर्दछु ।

मंसिर, २०८१

बुद्धा कुमारी खत्री
उपाध्यक्ष
छत्रेश्वरी गाउँपालिका, सल्यान

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८१।०८२ ☎ ९८५७८४४४००
च.नं. :

## मेरो भनाइ

**"म बनाउँछु, मेरो छत्रेश्वरी"** भन्ने मूल मर्मलाई आत्मसात् गर्दै छत्रेश्वरी गाउँपालिकाले स्थापना कालदेखि नै शिक्षा क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै आएको छ। स्थानीय आवश्यकता, राष्ट्रिय शिक्षा नीति तथा दिगो विकास लक्ष्यहरूलाई आधार मानी हामीले **"छत्रेश्वरी गाउँपालिका शिक्षा क्षेत्र योजना २०७९–२०८३"** निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं। यो योजना हाम्रो शैक्षिक यात्राको मार्गदर्शक दस्तावेज हो, जसले आगामी पाँच वर्षका लागि स्पष्ट दृष्टिकोण, लक्ष्य र रणनीतिहरू निर्धारण गरेको छ।

योजनाको कार्यान्वयनक्रममा हामीले विभिन्न महत्त्वपूर्ण अनुभव र सिकाइहरू प्राप्त गरेका छौं। शिक्षा एक गतिशील क्षेत्र हो। समयको गतिसँगै यसको चुनौती र अवसरहरू पनि परिवर्तनशील हुन्छन्। यही यथार्थलाई मनन गर्दै **वि.सं. २०८१ मा** हामीले यस योजनालाई थप सान्दर्भिक, व्यावहारिक र प्रभावकारी बनाउने उद्देश्यले **अद्यावधिक** गरेका छौं।

यो अद्यावधिक प्रक्रिया केवल तथ्याङ्क परिमार्जनको कार्य मात्र होइन; यो विगतका अभ्यासहरूको समीक्षा, प्राप्त उपलब्धिहरूको मूल्याङ्कन र भविष्यका लागि अझ परिस्कृत रणनीति निर्माण गर्ने अवसर पनि हो। यस क्रममा हामीले प्रविधिमा आएको परिवर्तन, नवीन शैक्षिक पद्धतिहरू, शिक्षकहरूको पेसागत विकासका समसामयिक आवश्यकता र विद्यार्थीहरूको चौतर्फी विकासका लागि जीवनोपयोगी सिपहरूलाई विशेष प्राथमिकता दिने निर्णय गरेका छौं।

हाम्रो मूल लक्ष्य भनेको **गाउँपालिकाभित्रका प्रत्येक बालबालिकाले गुणस्तरीय, समतामूलक र जीवनोपयोगी शिक्षा प्राप्त गर्न सुनिश्चित गर्नु** हो। यसका लागि विद्यालयको भौतिक पूर्वाधार सुदृढीकरणदेखि लिएर शिक्षकहरूको क्षमता विकास, बालमैत्री शिक्षणसिकाइ वातावरणको निर्माण र प्रविधिमैत्री शिक्षाको विस्तारसम्मका विषयमा हामी दृढ प्रतिबद्ध छौं।

यस साझा अभियानको सफल कार्यान्वयनका लागि गाउँपालिकाको प्रशासनिक नेतृत्वको हैसियतमा म सबै जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी बुद्धिजीवी तथा सरोकारवालाहरूलाई **सक्रिय सहभागिता, रचनात्मक सुझाव र निरन्तर सहयोग** प्रदान गर्न हार्दिक आग्रह गर्दछु हामी सबैको सामूहिक प्रयासबाट मात्र **"शिक्षित र समुन्नत छत्रेश्वरी"** निर्माणको हाम्रो साझा सपना साकार हुनेछ भन्नेमा म विश्वस्त छु।

मंसिर, २०८१

गुरु प्रसाद योगी
प्रमुख प्रशासकीय अधिकृत
छत्रेश्वरी गाउँपालिका, सल्यान

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भोटेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

९८५७८४४४०७

# दुई शब्द

छत्रेश्वरी गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रिय विद्यार्थी भाइबहिनीहरू, आदरणीय अभिभावकज्यूहरू तथा सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूमा हार्दिक अभिवादन !

हाम्रो गाउँपालिकालाई एक शिक्षित, सभ्य र समृद्ध पालिकाको रूपमा स्थापित गर्ने साझा सङ्कल्पका साथ हामीले "**शिक्षा क्षेत्र योजना (२०७९–२०८३)**" निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं, जुन कुरा सर्वविदितै छ। यो पञ्चवर्षीय योजना हाम्रो शैक्षिक यात्राको मार्गचित्र हो, जसले पालिकाभित्रका सबै बालबालिकाका लागि गुणस्तरीय, पहुँचयोग्य र समावेशी शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । विगत दुई वर्षमा यस योजनाको मार्गदर्शनमा हामीले शैक्षिक सुधारका क्षेत्रमा केही महत्त्वपूर्ण पाइलाहरू चालेका छौँ र सकारात्मक उपलब्धिहरू हासिल गरेका छौँ।

शिक्षा एक सतत परिमार्जन आवश्यक पर्ने गतिशील क्षेत्र हो । समयसँगै शैक्षिक आवश्यकता, चुनौती र अवसरहरू पनि बदलिँदै जान्छन्। यही यथार्थलाई आत्मसात् गर्दै हामीले २०७९ सालमा सुरु गरेको पञ्चवर्षीय योजनालाई वि.सं. २०८१ मा अद्यावधिक गरी थप सान्दर्भिक, व्यावहारिक र परिणाममुखी बनाउने निर्णय गरेका छौँ। यो अद्यावधिक प्रक्रिया विगतका अनुभवहरूको समिक्षा, वर्तमान चुनौतीहरूको पहिचान तथा भविष्यका सम्भावनाहरूको स्पष्ट खाका कोर्ने अवसर हो। यस क्रममा हामीले योजना कार्यान्वयनमा प्राप्त सिकाइ, भोगेका समस्या र सरोकारवालाहरूको सुझावलाई गहिरो रूपमा विश्लेषण गर्नेछौँ। अद्यावधिक योजनाले हाम्रो पालिकाको शैक्षिक गुणस्तरलाई नयाँ उचाइमा पुऱ्याउन थप ऊर्जा दिनेछ भन्नेमा म विश्वस्त छु।

यस कार्यमा सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता, रचनात्मक सुझाव र दृढ प्रतिबद्धताको अपेक्षा गर्दछु। शिक्षकहरू हाम्रो शैक्षिक रूपान्तरणका मुख्य संवाहक हुनुहुन्छ; तपाईंहरूको समर्पण र नवीन शिक्षण सिकाइ क्रियाकलाप नै सफलताको आधार हो। त्यस्तै अभिभावकको सहयोग र घरको सकारात्मक शैक्षिक वातावरण बिना विद्यालयको प्रयास अपुरो रहन्छ। विद्यालय व्यवस्थापन समिति तथा अन्य निकायहरूको कुशल व्यवस्थापकीय भूमिकाले मात्र हामीले देखेको सपना साकार हुन सक्छ।

आउनुहोस्, हामी सबै मिलेर छत्रेश्वरी गाउँपालिकाको शैक्षिक भविष्यलाई अझ उज्यालो बनाउन हातेमालो गरौँ। अद्यावधिक भई आउने हाम्रो साझा **"शिक्षा क्षेत्र योजना"** को सफल कार्यान्वयनका लागि यहाँहरूको पूर्ण सहयोग, समर्थन र प्रतिबद्धता रहनेछ भन्ने विश्वास लिएको छु।त्यसैगरी, शिक्षा क्षेत्र योजना निर्माण तथा अद्यावधिक प्रक्रियामा सक्रिय रूपमा सहभागी कार्यदलका सदस्यहरू, प्राविधिक सहयोग गर्नुहुने दलित विकास समाज सल्यान, रुम टु रिड तथा रचनात्मक सल्लाह सुझाव दिनुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार प्रकट गर्दछु।

मंसिर, २०८१

..............................
केशर बहादुर वली
वरिष्ठ शिक्षा अधिकृत (सातौं)
शिक्षा, युवा तथा खेलकुद शाखा
छत्रेश्वरी गाउँपालिका, सल्यान

# कार्यकारी सारांश

*कर्णाली प्रदेशको सल्यान जिल्लाको छत्रेश्वरी गाउँपालिकाको शैक्षिक क्षेत्रको उन्नति र विकासको लागि तयार पारिएको पञ्चवर्षीय आवधिक शिक्षा योजनामा मुलुकमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधानमा उल्लेखित अनिवार्य र नि:शुल्क शिक्षाको मर्मलाई समेटने प्रयास गरिएको छ । योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सोर्हौँ योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षासम्बन्धी सङ्घीय कानूनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, केन्द्रीय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार मानिएको छ । गाउँपालिकाले **"छत्रेश्वरी गाउँपालिकामा दिगो विकास र शुसासनको लहर ल्याउन आवश्यक स्वावलम्बी, सीपमूलक, व्यावसायिक, प्रविधिमैत्री,प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकास गरी योगदान गर्न"** दिर्घकालिन सोच राखेर **"२०८३ सम्म पालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने"** लक्ष्य सहित यो योजना तयार पारेको हो ।*

*यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मूल्याङकन, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता तथा समावेशीकरण, आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय भौतिक पूर्वाधार विकास, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षाको व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अलगअलग सवालमा पाँच वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरिएको छ ।*

*सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको थियो । सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासँगै आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई*

कार्यान्वयनको गरिएको थियो । यसपश्चात् विद्यालय शिक्षा क्षेत्र योजना (SESP) कार्यान्वयनमा रहेको छ । परिवर्तित सन्दर्भमा देशमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गठन भएसँगै शिक्षा क्षेत्रमा पनि राष्ट्रिय लक्ष्य तथा उद्देश्यलाइ समेट्दै प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रको शैक्षिक उन्नति र विकासको लागि शैक्षिक योजना निर्माण र कार्यान्वयनको अभ्यास हुदै आएको छ भने नेपाल सरकारले विद्यालय शिक्षाका सबै कार्यक्रमहरू विद्यालय क्षेत्र विकास योजनामार्फत स-र्सत अनुदानका रूपमा स्थानीय तहमा हन्तान्तरण हुँदै आएका छन् । शिक्षक र कर्मचारीको तलब भत्तादेखि नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शिर्षकमा अनुदान नियमित रूपमा विद्यालयहरूलाई प्रदान गरिदै आएको छ । प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्था छ । छत्रेश्वरी गाउँपालिकाबाट समेत वित्तीय समानीकरण अनुदान, आधारभूत शिक्षा परीक्षा सञ्चालन र बालबालिकाको शिक्षामा समतामूलक पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सहयोग गर्ने खालका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच वर्षे विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरिरहेका छन् । यस गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र एवं सामुदायिक विद्यालयहरूको नेतृत्त्वमा गाउँपालिकाको साक्षरता दरमा समेत उल्लेख्य वृद्धि गरी साक्षर जिल्ला घोषणामा योगदान पुर्‍याएको अवस्था छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउदरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजना अवधिभर गाउँपालिकालाई पूर्ण साक्षर तुल्याइ अनौपचारिक वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चित गर्ने र प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा

सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् ।

बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षमा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागू गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सवलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । त्यसैगरी योजनामा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवं मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यसँग सम्बन्धित कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

वि.स. २०८१ सालमा छत्रेश्वरी गाउँपालिकाको आवधिक पञ्चवर्षीय शिक्षा क्षेत्र योजना(२०७९-२०८३) लाई अध्यावधिक गर्नको लागि सामाजिक विकास समितिका अध्यक्ष श्री फौद बहादुर बस्नेतको अध्यक्षतामा ११ सदस्यीय शिक्षा क्षेत्र योजना निर्माण तथा अध्यावधिक कार्यदल गठन भएको थियो । कार्यदलमा अन्य सदस्यहरु श्री तुलसि चन्द, शिव सिहं पुन, दिलमाया राना, बालाराम वली, जाकिर बक्स मिया, शान्ता के.सी. र सदस्य सचिवमा वरिष्ठ शिक्षा अधिकृत केशर बहादुर वली रहनुभएको थियो भने प्राविधिक सहयोग, रुम टु रिड बाट कार्यक्रम अधिकृत तपेन्द्र वली, दलित

विकास समाज सल्यानबाट उमेश खरेल, तत्कालिक प्रारम्भिक सिकाइ कार्यक्रम संयोजन पदम बहादुर कठायतले गर्नुभएको थियो । योजना निर्माणका लागि सरोकारवालाहरूसँग व्यापक छलफल र अन्तरक्रिया गरिएको थियो । योजनालाई प्रधानाध्यापक बैठक, गाउँ शिक्षा समितिमा छलफल तथा स्वीकृतिको लागि प्रक्रिया पूरा गरी अन्तमा गाउँसभाबाट स्वीकृत गरिएको थियो ।

यस योजनाको अन्तसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिक र गुणस्तरमा सुधार हुने अपेक्षा गरेको छ । गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाको अपेक्षा गरेको छ । यस योजनाको कार्यान्वयनका लागि पाँच वर्षसम्म जम्मा ४३ करोड, ५३ लाख ३७ हजार ७ सय ३० रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । संधीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सरकारी तथा गैरसरकारी सङ्घसंस्था, अभिभावक तथा अन्य दातृ निकायहरुलाई व्ययभार पर्ने गरी स्रोत व्यवस्थापनको आंकलन गरिएको छ ।

# विषयसुची


| विषयवस्तु | पृष्ठ |
|---|---|
| **परिच्छेद १: परिचय** | **१-९** |
| १.१ पृष्ठभूम | १ |
| १.१.१ अवधारणा | २ |
| १.१.२ सन्दर्भ | ४ |
| १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण | ६ |
| १.१.४ योजना निर्माण प्रक्रिया | ७ |
| **परिच्छेद २: लक्ष्य निर्धारण** | **१०-२४** |
| २.१ सन्दर्भ र औचित्य | १० |
| २.२ दीर्घकालीन राष्ट्रिय सोच | ११ |
| २.३ गन्तव्य | १२ |
| २.४ लक्ष्य | १२ |
| २.५ उद्देश्यहरु | १२ |
| २.६ रणनीतिहरु | १३ |
| २.७ प्रमुख उपलब्धि सूचकहरु | २१ |
| **परिच्छेद ३: शिक्षा क्षेत्र योजनाका मूख्य उपक्षेत्रहरु** | **२५-५७** |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | २५ |
| ३.१.१ वर्तमान अवस्था | २५ |
| ३.१.२ उद्देश्य | २७ |
| ३.१.३ रणनीतिहरु | २७ |
| ३.१.४ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा | २७ |
| ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | २८ |
| ३.२ आधारभूत शिक्षा | ३० |
| ३.२.१ वर्तमान अवस्था | ३१ |
| ३.३.२ उद्देश्य | ३३ |
| ३.२.३ रणनीतिहरु | ३३ |
| ३.२.४ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा | ३४ |
| ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ३५ |
| ३.३ माध्यमिक शिक्षा | ३८ |
| ३.३.१ वर्तमान अवस्था | ३८ |
| ३.३.२ उद्देश्य | ३९ |

| | |
|---|---|
| ३.३.३ रणनीतिहरु | ३९ |
| ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा | ४१ |
| ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ४२ |
| ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ४५ |
| ३.४.१ वर्तमान अवस्था | ४६ |
| ३.४.२ उद्देश्य | ४६ |
| ३.४.३ रणनीतिहरु | ४७ |
| ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा | ४७ |
| ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ४८ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५० |
| ३.५.१ वर्तमान अवस्था | ५१ |
| ३.५.२ उद्देश्य | ५२ |
| ३.५.३ रणनीतिहरु | ५२ |
| ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा | ५३ |
| ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | ५४ |
| ३.५.६ प्रमुख उपलब्धि तथा नतिजा | ५४ |
| **परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | **५८-१०१** |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ५८ |
| ४.१.१ वर्तमान अवस्था | ५८ |
| ४.१.२ उद्देश्यहरु | ६१ |
| ४.१.३ रणनीतिहरु | ६२ |
| ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा | ६३ |
| ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ६४ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ६६ |
| ४.२.१ वर्तमान अवस्था | ६८ |
| ४.२.२ उद्देश्यहरु | ६९ |
| ४.२.३ रणनीतिहरु | ७० |
| ४.२.४ प्रमुख उपलब्धिहरु तथा अपेक्षित नतिजाहरु | ७० |
| ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | ७१ |
| ४.३ शिक्षामा समता तथा समावेशीकरण | ७७ |
| ४.३.१ वर्तमान अवस्था | ७७ |
| ४.३.२ उद्देश्य | ७८ |
| ४.३.३ रणनीतिहरु | ७९ |

| | |
|---|---|
| ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा | ७९ |
| ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | ८० |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ८१ |
| ४.४.१ वर्तमान अवस्था | ८१ |
| ४.४.२ उदेश्य | ८३ |
| ४.४.३ रणनीतिहरु | ८३ |
| ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा | ८४ |
| ४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य | ८६ |
| ४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | ८७ |
| ४.५.१ वर्तमान अवस्था | ८८ |
| ४.५.२ उद्देश्य | ९० |
| ४.५.३ रणनीति | ९० |
| ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा | ९१ |
| ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक गन्तव्य | ९१ |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | ९४ |
| ४.६.१ वर्तमान अवस्था | ९४ |
| ४.६.२ उद्देश्यहरु | ९५ |
| ४.६.३ रणनीतिहरु | ९५ |
| ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा | ९६ |
| ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्यहरू | ९७ |
| ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ९७ |
| ४.७.१ वर्तमान अवस्था | ९७ |
| ४.७.२ उद्देश्यहरु | ९८ |
| ४.७.३ रणनीतिहरु | ९८ |
| ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा | ९९ |
| ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | १०० |
| **परिच्छेद ५: उच्च शिक्षाको व्यवस्थापन** | **१०२-१०३** |
| ५.१ वर्तमान अवस्था | १०२ |
| ५.२ उद्देश्यहरु | १०२ |
| ५.३ रणनीतिहरु | १०२ |
| ५.४ प्रमुख उपलब्धि तथा नतिजा | १०३ |
| ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्यहरु | १०३ |
| **परिच्छेद ६: शुशासन तथा व्यवस्थापन** | **१०४-१०९** |

| | |
|---|---|
| ६.१.१ वर्तमान अवस्था | १०५ |
| ६.१.२ उद्देश्य | १०६ |
| ६.१.३ रणनीतिहरु | १०६ |
| ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा | १०७ |
| ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्यहरु | १०७ |
| **परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन** | **११०-११७** |
| ७.१. वर्तमान अवस्था | ११० |
| ७.२ उद्देश्य | १११ |
| ७.३ रणनीतिहरु | ११२ |
| ७.४ प्रमुख उपलब्धि तथा नतिजा | ११२ |
| ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य | ११३ |
| **परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन** | **११८-१२५** |
| ८.१. वर्तमान अवस्था | ११८ |
| ८.२ लक्ष्य | ११९ |
| ८.३ उद्देश्य | १२० |
| ८.४ रणनीतिहरु | १२० |
| ८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १२१ |
| **अनुसूची :१ मसौदा समिति गठन गरेको कार्यपालिका वैठक निर्णय** | **१२६** |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी मौलिक हकको प्रत्याभूति गरेको छ।

दिगो विकासको लक्ष्य नं. ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११, उपदफा २ को खण्ड 'ज' मा स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं. १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ।

विद्यालय शिक्षा सञ्चालन गर्नको लागि शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा विविध व्यवस्था गरिएको छ। सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरेको छ।

यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित बनाउन आर्थिक तथा सामाजिक रुपान्तरणका माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरी "सुखी नेपाली, समृद्ध नेपाल" को नारालाई साकार पार्न गाउँपालिकाले शिक्षा योजना २०७९–२०८३ तयार गरेको छ।

यसका साथै गाउँपालिकाअन्तर्गतका शिक्षासम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षासम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो।

यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षासम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ। यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ। गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रूपमा विकास गर्न यो नीतिले उल्लेखनीय भूमिका खेलेको छ।

### १.१.१ अवधारणा

नेपालको संविधानको भाग ३, धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने कुरा धारा ३१ को उपधारा १ मा व्यवस्था गरिएको छ। आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हकको व्यवस्था धारा ३१ को उपधारा २ मा व्यवस्था गरिएको छ। त्यसैगरी उपधारा क्रमशः ३, ४ र ५ ले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी मौलिक हकको प्रत्याभूति गरेको छ।

नेपाल सरकारले विगतमा विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निम्ति सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। तत्पश्चात् २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा रहेको थियो।

उल्लेखित योजनाहरूबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको कार्यान्वयनका लागि दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना वि.सं. २०७९ देखि २०८८ निर्माण गरिएको छ।

वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो।

दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्ने लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस

योजनालाई हेरिएको छ। साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रूपान्तरणका एजेन्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौँ योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधारका रूपमा लिएको छ।

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक रहेको र सङ्घीय ढाँचाअनुरूप सरकारका तीनवटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको जरुरत पर्ने भएकाले छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरिएको पाइन्छ।

निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन, २०७५ ले शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादउन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली, २०७७ पनि जारी गरिएको छ।

साथै, दिगो विकासको लक्ष्य ४ अन्तर्गत निम्न कुराहरू उल्लेख गरिएको छ :

- सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

- सबै छात्रछात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,
- क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,
- रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप दक्षता भएका युवा र वयस्कहरू (adults) को सङ्ख्या वृद्धि गर्ने र
- शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने ।

यसरी शिक्षाको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यान्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

### १.१.२ सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरणसँगसँगै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ । सोहीअनुसार आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाएर सोको कार्यान्वयन गर्नका लागि महत्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षा सम्बन्धी २३ वटा अधिकारको व्यवस्था गरेको छ ।

विश्वव्यापी मानव विकास सूचकाङ्क प्रतिवेदन सन् २०२३/२४ का अनुसार नेपाल १४६ औं स्थानमा पुगेको छ । यसअघि १४९ औं स्थानमा रहेको थियो । नेपाल यस वर्ष १८९ देशमध्ये १४६ औं स्थानमा उक्लिएको हो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले नेपालको मानव विकास सूचकाङ्कको अवस्था मध्यम रहेको बताएको छ । दक्षिण एसियामा नेपाल छैठौं स्थानमा छ । पहिलो स्थानमा श्रीलंका छ भने दोस्रोमा माल्दिभ्स, तेस्रोमा भुटान, चौथोमा भारत र पाँचौंमा बंगलादेश छन् । पाकिस्तान र अफगानिस्तान नेपालभन्दा पछि छन् ।

नेपाल आफैंमा विविधतायुक्त देश हो । नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ । यो विविधतामा अनेकौं सौन्दर्यताहरू पनि लुकेको छन् । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र

विविधताले सकारात्मक परिणाम दिन सक्छ । सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको सामयिक आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो । त्यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत उपयोगी रहेको छ ।

## छत्रेश्वरी गाउँपालिकाको संक्षिप्त परिचय

छत्रेश्वरी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाको साबिकका ४ ओटा गा.वि.स.हरू: दमाचौर, कोर्बाङझिम्पे, लेखपोखरा र छायाँछेत्र मिलेर बनेको हो । यस गाउँपालिकाको क्षेत्रफल १५०.६९ वर्ग किलोमिटर रहेको छ । गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्तरमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कपुरकोट गाउँपालिका पर्दछन् । विश्व मानचित्रमा छत्रेश्वरी गाउँपालिकाको भौगोलिक अवस्थिति २८°१६' देखि २८°२६' उत्तरी अक्षांश र ८२°१२' देखि ८२°२२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुद्री सतहबाट ८३९ मिटरदेखि २८०० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ । यस गाउँपालिकाको नामाकरण छत्रेश्वरी रहनुमा साविकको छाँयाक्षेत्र गा.वि.स.मा रहेको छायाँक्षेत्रस्थित प्रख्यात छत्रेश्वरी देवीको मन्दिरको नामबाट राखिएको हो । यो मन्दिर सल्यान जिल्लामा मात्र नभई देशैभर प्रख्यात छ, जसको बारेमा श्री स्वस्थानी व्रतकथामा समेत उल्लेख गरिएको पाइन्छ ।

यस गाउँपालिकाको स्थापना २०७३ साल फागुन २२ गते भएको हो । यस गाउँपालिकामा सामुदायिकतर्फ २ वटा मा.वि. (१–१२), ७ वटा मा.वि. (१–१०), ५ वटा आधारभूत विद्यालय (१–८), १६ वटा आधारभूत विद्यालय (१–५) र १० वटा आधारभूत विद्यालय (१–३) गरी जम्मा ४० वटा विद्यालय रहेका छन् । संस्थागततर्फ २ वटा आधारभूत विद्यालय (१–८) र १ वटा आधारभूत विद्यालय (१–३) गरी जम्मा ३ वटा संस्थागत विद्यालयहरू संचालनमा छन् । परम्परागत धार्मिक विद्यालय तर्फ एउटा मदरसा विद्यालय पनि सञ्चालनमा रहेको छ । छत्रेश्वरी गाउँपालिका कृषि, पर्यटन, जडिबुटी, फलफूल र धार्मिक क्षेत्रमा सम्भावना बोकेको गाउँपालिका हो ।

सल्यान जिल्लाको सदरमुकाम खलंगादेखि दक्षिणतर्फ करिब १५ कि.मि. टाढा गरिज्यूलाको समथर फाँट र पवित्र शारदा नदीको पूर्वी भागमा १३०० मिटर उचाइको थुम्कोमा करिब ५० रोपनी क्षेत्रफलमा फैलिएको छायाँक्षेत्रमा छत्रेश्वरी मन्दिर अवस्थित छ । शिखर शैलीमा रहेको यस मन्दिर वि.सं. १९९० को दशकमा शिव मन्दिरको रूपमा स्थापित भएको थियो । मन्दिर जीर्ण बन्दै गएपछि वि.सं. २०३७ सालमा नागाबाबा ले मन्दिरको जीर्णोद्धार गरेका थिए । यस मन्दिरले सल्यान जिल्लाको सांस्कृतिक र धार्मिक गौरवगाथा बोकेको छ । श्री स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार सत्य युगमा महादेवले सतीदेवीको मृत शरीर बोकेर विश्व भ्रमण गर्दा सतीदेवीको अन्तिम अङ्ग यही छायाँक्षेत्रमा पतन भएर छत्रेश्वरी देवी, सुकमोला योगिनी, पिशाचेश्वर महादेव प्रकट हुनुभएको कथा छ । छायाँक्षेत्र धार्मिक

पर्यटनको लागि गन्तव्य स्थान हो। छत्रेश्वरी देवी मन्दिर नेपालका सबै सतीपीठहरूमध्ये बली नचढाइने एकमात्र सतीपीठ पनि हो। हरेक वर्ष महाशिवरात्रीको दिन देशविदेशबाट हजारौं श्रद्धालु भक्तजनहरु दर्शन गर्न आउने गर्दछन्। यहाँ सर्वप्रथम अष्ठभैरवले पूजाआराधना गरेकोले कुनै पनि अवसरमा बली नचढाइने गरेको कथन पाइन्छ।

### १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

शिक्षा देशको मेरुदण्ड हो। वर्तमानमा प्रदान गरिएको शिक्षाले आगामी आधा शताब्दीलाई प्रभाव पार्दछ। तिव्र विकासको आशा राख्ने वर्तमान समाजमा नविनतम् प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमतासहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनुपर्नेमा दुईमत छैन। भूतमा भएका प्रगति वर्तमानमा गरिएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ। शिक्षा क्षेत्रमा यस अघिका सफल मानिएका विधिपद्धति तथा प्रमाणयोग्य तथ्यलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ। नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेरसमेत निर्धारण गरिएको छ। जसअनुसार प्रारम्भिक बालविकासका लागि ३–४ वर्ष, आधारभूत तहका लागि ५–१२ वर्ष र माध्यमिक तहका लागि १३–१६ वर्ष उमेर समूह निर्धारण गरिएको छ।

#### विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

- बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु,
- सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण र सहभागिता वृद्धि गर्नु,
- शिक्षकहरूलाई पेशागत अनुगमन तथा सहयोगका पर्याप्त अवसर प्रदान गर्नु,
- विद्यार्थी मूल्याङ्कनको अभिलेखिकरण तथा नतिजा विश्लेषण गर्नु,
- विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्नु,
- नवीनतम प्रविधिको पहुँच कायम राख्नु,
- शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगमा वृद्धि गर्नु,
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच विस्तार गर्नु,
- विद्यालयमा विद्यार्थी नियमितता कायम राख्नु र
- विपद्को समयमा वैकल्पिक शिक्षाको व्यवस्थापन गर्नु।

### विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू

- आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका २३ वटा अधिकार,
- स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता,
- गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह,
- विद्यार्थीहरूको खुद भर्ना दरमा तथा सिकाइ उपलब्धिमा वृद्धि,
- सकारात्मक लैङ्गिक समता सूचकाङ्क,
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता,
- तीनै तहका सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य,
- मूल्याङ्कन प्रतिवेदन र
- कार्यसम्पादनमा आधारित करार तथा प्रोत्साहन ।

### १.१.४ योजना निर्माण प्रक्रिया

छत्रेश्वरी गाउँपालिकाले ५ वर्षे आवधिक पालिका शिक्षा योजना निर्माणको लागि पालिकाभित्रका सबै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरेको छ। गाउँपालिकाले पालिकाभित्र योजनाको सुरुआतमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासँग सरोकार राख्ने वर्गको प्रत्यक्ष सहभागितामा छलफल गरेको छ । शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावी कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन तहसम्म पुऱ्याई प्रतिफल दिन आफैँमा कठिन र चुनौतिपूर्ण छ । यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामूलक तरिकाले योजना निर्माणलाई मुख्य जोड दिइएको छ । **"हाम्रो शिक्षाको विकास हाम्रै लागि"** भन्ने सोच राखेर स्थानीय सरोकारवालाहरूको अधिकतम सहभागितामा तयार पारिएको शिक्षा योजनाको निर्माणको चरणमा तपसिलबमोजिमको प्रक्रिया अवलम्बन गरिएको छ :

- योजना निर्माणको लागि पालिकाबाट बजेट विनियोजन गरिएको,

- छत्रेश्वरी गाउँपालिकाको ५ वर्षे नयाँ शिक्षा योजना निर्माणका लागि १३ सदस्यीय प्राविधिक सहयोग कार्यदल (अनुसूची – २) र आवश्यकता अनुसारका विभिन्न उपसमितिहरू गठन भएको,
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको,
- योजनाका विषयवस्तुमा अध्ययन र छलफल भएको,
- शिक्षाका उपक्षेत्र अनुसारका विषयगत समिति निर्माण गरी काम गरिएको,
- प्रत्येक वडाका प्रत्येक विद्यालयबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको,
- IEMIS लगायतका द्वितीय तथ्याङ्कसमेत प्रयोग गरिएको र
- Flash Report, NASA Report 2022, EGRP Report 2020 का तथ्याङ्क समेत प्रयोग गरिएको ।

कार्यान्वयनमा रहेको पञ्चवर्षीय शिक्षा क्षेत्र योजना अध्यावधिकको लागि छत्रेश्वरी गाउँपालिकाको मिति २०८१।०४।३० गतेको गाउँ कार्यपालिकाको निर्णयबाट शिक्षा योजना निर्माण तथा अध्यावधिकका लागि ११ सदस्यीय कार्यदल गठन गरिएको छ ।

- विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षाप्रेमी र सरोकारवालासँग बैठक, छलफल गरी सुझावहरू सङ्कलन गरिएको,
- नेपालको संविधान, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय क्षेत्र विकास योजना, छत्रेश्वरी गाउँपालिकाको शिक्षा ऐन २०७७, गाउँपालिकाको गुरुयोजना, प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधारपत्रहरूको समेत अध्ययन गरिएको,
- तथ्याङ्क सङ्कलन, प्रक्षेपण, विश्लेषण र प्रमाणीकरण गरिएको,
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको,
- तयार भएको खाकालाई पुनः एकपटक सरोकारवालाहरूसँग प्रस्तुत गरी थप सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको,
- विज्ञहरूको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी गाउँ शिक्षा समिति, कार्यपालिका र गाउँसभाबाट स्वीकृत गरी लागू गरिएको र

- सरोकारवालाहरूमध्येबाट ११ सदस्यीय कार्यदल गठन भई तथ्याङ्क सङ्कलन, विश्लेषण गरी योजनाको मध्यकालीन अद्यावधिक २०८२ असारमा सम्पन्न गरी कार्यान्वयन गरिएको ।

# परिच्छेद २: लक्ष्य निर्धारण

## २.१ सन्दर्भ र औचित्य

छत्रेश्वरी गाउँपालिकाले शिक्षालाई सदैव पहिलो प्राथमिकताको रूपमा लिएको छ । शिक्षामा गुणस्तरीयताको खाँचो छ । गुणस्तरीय शिक्षाको वातावरण तयार गर्न सके मात्र समृद्ध गाउँपालिका हुन्छ भन्ने कुरालाई गाउँपालिकाले मनन गरेको छ । गाउँपालिकाले **"म बनाउँछु, मेरो छत्रेश्वरी"** भन्ने अभियानका साथ शिक्षाको विकासलाई मुख्य प्राथमिकतामा राखेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुरूप कार्य गर्न शिक्षालाई महत्वपूर्ण विषयका रूपमा आत्मसात् गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू गरेको छ ।

छरिएर रहेका बस्तिहरू र समुदायमा बालविकास केन्द्रहरू स्थापना गरी पहुँच वृद्धि गरिएको छ । कम्तिमा एक सामुदायिक विद्यालयमा एक बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गमैत्री प्रणालीको नीति अवलम्बन गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्वकासाथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुँदै आएको छ ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्मका विद्यालयहरूमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरिएको छ । शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिँदै आइरहेको छ । उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्रछात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्दै आएको छ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी संघसंस्थाहरूसँग समन्वय र सहकार्य हुँदै आइरहेको छ ।

मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम गर्न यो योजना महत्वपूर्ण रहनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउँदै यस पालिका शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउनेतर्फ यो योजना केन्द्रित रहनेछ ।

यही सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पालिकाले अबको ५ वर्षसम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू र रणनीतिहरू तथा प्रमुख उपलब्धिका सूचकहरू प्रस्तुत गरिएको छ ।

छत्रेश्वरी गाउँपालिका भित्र ४० वटा सामुदायिक र ३ वटा संस्थागत गरी जम्मा ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये ९ वटा सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये २ वटा विद्यालय कक्षा १२ सम्म र ७ वटा विद्यालय कक्षा १० सम्म सञ्चालनमा रहेका छन् । छत्रेश्वरी गाउँपालिकाभित्र शिक्षाको पहुँच वृद्धि गर्नुका साथै सिकाइलाई निरन्तरता दिनका लागि १ सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा छ । उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त १ वटा क्याम्पसमा शिक्षा विषयको पढाइ हुन्छ । यस पालिकामा सुनाइसम्बन्धी अपाङ्गता र स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको लागि एउटा स्रोत कक्षा सञ्चालनमा रहेको छ । **IEMIS प्रतिवेदन २०८१** अनुसार छत्रेश्वरी गाउँपालिकाको शिक्षकविद्यार्थी अनुपात बालविकासमा १:१३, आधारभूत तह (१–५) मा १:१२, आधारभूत तह (१–८) मा १:२८, माध्यमिक तह (९–१०) मा १:१९ र माध्यमिक तह (११–१२) मा १:१८७ रहेको छ ।

सामुदायिक विद्यालयतर्फ शैक्षिक सत्र २०८१ मा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या :

- बालविकासमा ५२३ जना
- आधारभूत तह (१–५) मा १,५७३ जना
- आधारभूत तह (६–८) मा १,१५६ जना
- माध्यमिक तह (९–१०) मा ६४१ जना
- माध्यमिक तह (११–१२) मा १,१२२ जना रहेको छ ।

त्यस्तै संस्थागततर्फ शैक्षिक सत्र २०८१ मा भर्ना भएका विद्यार्थी सङ्ख्या:

- बालविकासमा ३४९ जना
- आधारभूत तह (१–५) मा ३२४ जना
- आधारभूत तह (६–८) मा ७१ जना रहेको छ ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित समृद्ध नेपाल र सुखी नेपाली बनाउन योगदान गर्ने ।

## २.३ गन्तव्य

छत्रेश्वरी गाउँपालिकामा दिगो विकास र सुशासनको लहर ल्याउन आवश्यक स्वावलम्बी, सिपमूलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकास गरी योगदान गर्ने ।

## २.४ लक्ष्य

२०८३ सम्म पालिकाभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यहरू

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने,
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागितामा वृद्धि गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने,

- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने,
- डिजिटल निरक्षरहरूलाई डिजिटल साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,
- सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने र
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने ।

## २.६ रणनीतिहरू

### २.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने ।

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- स्थानीय पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

### २.६.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

- विद्यालय नक्साङ्कन गर्ने,

- विद्यालयहरूको समायोजना गर्ने,
- प्रारम्भिक कक्षा पढाइसम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक, उत्प्रेरक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र
- शिक्षकको पेसागत विकास र सहायतता प्रणालीलाई व्यवस्थित गर्ने ।

### २.६.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागितामा वृद्धि गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।

- विद्यालयहरूको नक्शाङ्कन र समायोजन गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- विज्ञान शैक्षिक सामग्री प्रदर्शनी तथा पढाइ मेला सञ्चालन गर्ने,
- सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने र
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### २.६.४ उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने ।

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यताअनुसार उच्च शिक्षाको व्यवस्था गर्न योजना तयार गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिकरूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न,
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,

- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने र
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान, दलित, अपाङ्ग, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

**२.६.५ प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर सृजना गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- आयआर्जन गर्ने खालका क्रियाकलापहरूको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने र
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

**२.६.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने ।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुसारका पाठ्यक्रमहरू कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरुलाई प्रबोधीकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत तथा पेसागत क्षमता अभिवृद्धि गरिने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन र सन्दर्भ सामग्री उपलब्ध गराइने व्यवस्था गरिने,
- शिक्षकको पेसागत क्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक तथा समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोग संस्थागत गरिने,
- शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोग व्यवस्थित गरिने र
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग जोडेर पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

**२.६.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षकविद्यार्थी अनुपातको आधारमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दी मिलान गरी पुनर्वितरण गरिने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट मेन्टरिङ पद्धति विकास गरी कार्यान्वयन गरिनेछ,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,

- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गरिनेछ र
- शिक्षक नियुक्ति, सरुवा, तालिम र पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नपरोस् भन्ने सुनिश्चित गर्ने पद्धति विकास गरिनेछ।

**२.६.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने।**

- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ,
- विद्यालयहरूको नक्शाङ्कन गरी आवश्यक समायोजन गरिनेछ,
- शिक्षक दरबन्दीको मिलान तथा प्रधानाध्यापकको नियुक्ति व्यवस्थित गरिनेछ,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिनेछ,
- विद्यालयले वार्षिक कार्यसम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेलामा सार्वजनिक गर्नेछ,
- विद्यालयको लेखा तथा सामाजिक परीक्षण नियमित रूपमा गरिनेछ,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरिनेछ र
- विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछन्।

**२.६.९ डिजिटल निरक्षरहरूलाई डिजिटल साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने।**

- विद्यालय, स्थानीय गैरसरकारी संघसंस्था, नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरी डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ।

**२.६.१० सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।**

- शैक्षिक संस्थाहरूमा उपर्युक्त सिकाइ वातावरण सुनिश्चित गर्न भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिनेछ,

- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइनेछ,
- शिक्षण पेसामा उच्च योग्यता र सिप भएका दक्ष व्यक्तिहरूलाई प्रवेश गर्ने अनुकूल वातावरण सिर्जना गरिनेछ,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्डहरू कार्यान्वयन गरिनेछन्,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई समयानुकूल बनाउन आधुनिक प्रविधिमैत्री, विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्री, प्रारम्भिक कक्षा शिक्षण पद्धति, शिक्षक पेसागत विकास तथा सहयोग उपलब्ध गराइनेछ,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, कम्प्युटर ल्याब आदिको व्यवस्था गरिनेछ,
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण र समीक्षा गरी निरन्तर सुधारको संयन्त्र तयार गरिनेछ र
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित जवाफदेही प्रणाली तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।

**२.६.११ सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था र आवश्यकताहरू पहिचान गरिनेछ र त्यसअनुसार पहुँच तथा सहभागिताको व्यवस्था मिलाइनेछ,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचना र शैक्षिक वातावरणको विकास गरी लक्षित समूहका सबै बालबालिकालाई शिक्षाको अवसर उपलब्ध गराइनेछ,
- आवश्यकताअनुसार वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ,
- शिक्षण–सिकाइमा स्थानीय संस्कृति, भूगोल, इतिहास, ज्ञान र सिप समावेश गरिनेछ,
- आवश्यकता अनुसार छात्रवृत्ति उपलब्ध गराइनेछ,

- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार वा हेपाइ नहुने वातावरण सिर्जना गरिनेछ,
- विद्यालयमा अभिभावकको सक्रिय सहभागिता बढाइनेछ,
- शिक्षण गर्न सक्षम र सिपयुक्त जनशक्ति व्यवस्था गरिनेछ र
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूबीच समन्वय र सहभागिता अभिवृद्धि गरी बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

**२.६.१२ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने।**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत संरचना र उपकरणहरूको व्यवस्था गरिनेछ।
- वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गर्न सक्ने गरी सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा विस्तार गरिनेछ,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिनेछ,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग वृद्धि गरिनेछ र
- सामुदायिक अध्ययन केन्द्रहरूमा डिजिटल लर्निङ सेन्टर स्थापना गरिनेछ।

**२.६.१३ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने।**

- विपद्को समयमा शिक्षा निरन्तरता सुनिश्चित गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरिने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी र सिप विकास गरिने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गरिने,

- कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारका लागि आवश्यक तयारी गरिने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गरिने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान, प्रभावको मूल्याङ्कन र विश्लेषण गरिने,
- सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान र प्रतिकार्यका लागि व्यापक योजना तयार गरिने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिने,
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको व्यवस्था गरिने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिने,
- विपद् तथा प्रकोप र शान्ति, सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विपद् व्यवस्थापनका सफल अभ्यासहरूलाई स्थानीयकृत गरिने र
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दिगो विकासका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिने ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | कर्णाली प्रदेशको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८३ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०१.० | ९७.४ | ८२.३ | ८५ | ८८ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.२ | ६७.४ | ७०.५ | ७३ | ७५ | |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | कर्णाली प्रदेशको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८३ | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.३ | ७७.३ | ७७.३ | ७८ | ७९ | |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८१ | १.०८ | | | | |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९३.७ | ९४.३ | ९५.८ | ९६ | ९७ | |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | १४१.१ | १३६.३ | १२१ | ११५ | ११० | |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९४.४ | ९४.९ | ९७ | ९८ | ९९ | |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १३०.५ | १३१.७ | ९६.६ | ९८ | ९९ | |
| | आधारभूत तह कक्षा ५ को टिकाउ दर | ८७.६ | ८७.५ | | ८८ | ८९ | |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९१ | | | ०.९२ | ०.९३ | |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.१ | ९४.४ | ९६.६ | ९८ | ९९ | |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२४.८ | १२५.७ | १००.३ | १००.२ | १००.१ | |
| १२ | आधारभूत तह कक्षा ८ को टिकाउ दर | ८६.५ | ८४.७ | ८६ | ८७ | ८८ | |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९१ | ०.९७ | १.१ | १ | १ | |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७५.८ | ७१.१ | ७९.२ | ८० | ८१ | |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९९.१ | ९८.२ | ९६.४ | ९७ | ९८ | |
| | आधारभूत तह कक्षा ९ देखि १० को टिकाउ दर | ६६.९ | ६७.४ | | ६८ | ६९ | |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | कर्णाली प्रदेशको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८३ | |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | | | ०.९७ | ०.९८ | |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ४४.५ | ३४.६ | ३६ | ३८ | |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६३.३ | ६८.५ | ५०.४ | ५२ | ५४ | |
| १९ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०३ | | | १.०२ | १.०१ | |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५५.८ | ५७.७ | ५६.२ | ५८ | ६० | |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८०.६ | ८२.६ | ७२.७ | ७४ | ७६ | |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.० | | | १ | १ | |
| | आधारभूत तह कक्षा १२ को टिकाउ दर | ४०.६ | ५०.९ | | ५१ | ५२ | |
| २३ | कक्षाा १ देखि ५ सम्म कक्षाा छाड्ने दर | ८.२ | ० | १.४ | १.३ | १.२ | |
| २४ | कक्षाा ६ देखि ८ सम्म कक्षाा छाड्ने दर | ५.४ | | १.९ | १.८ | १.७ | |
| २५ | कक्षाा ९ देखि १० सम्म कक्षाा छाड्ने दर | ४.७ | | २.० | १.९ | १.८ | |
| २६ | कक्षाा १ देखि ५ सम्मको उर्त्तीणदर | ८३ | ७९.२ | ९०.९ | ९२ | ९३ | |
| २७ | कक्षाा ६ देखि ८ सम्म सम्मको उर्त्तीणदर | ८७.४ | ८५.८ | ९४.० | ९५ | ९६ | |
| २८ | कक्षाा ९ देखि १० सम्मको उर्त्तीणदर | ९२.२ | ० | ९५.४ | ९६ | ९७ | |
| | कक्षा दोहोऱ्याउन दर कक्षा ९-१० | ३.२ | | | ३.१ | ३ | |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | कर्णाली प्रदेशको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको आधार वर्ष २०८१ | छत्रेश्वरी गापाको लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२ | २०८३ | |
| २९ | कक्षा ३ को नेपाली विषयको पठन सिप उपलब्धी (प्रति १ मिनेटमा ) NARN 2020 | ४३.५३ | ३९.४४ | | ४० | ४१ | |
| ३० | कक्षा ३ को गणितिय सिप उपलब्धी NARN 2020 | ३७.२२ | २५.१५ | | २७ | ३० | |
| ३१ | कक्षा ५ को सिकाइ उपलब्धि नेपाली | | | २.८९ | २.९० | २.९१ | |
| ३२ | कक्षा ५ को सिकाइ उपलब्धि गणित | | | २.६२ | २.६३ | २.६४ | |
| ३३ | कक्षा ८ को सिकाइ उपलब्धि नेपाली | | | २.४४ | २.४५ | २.४६ | |
| ३४ | कक्षा ८ को सिकाइ उपलब्धि गणित | | | २.१७ | २.१८ | २.१९ | |

# परिच्छेद ३: शिक्षा क्षेत्र योजनाका मूख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा ४ वर्ष उमेर पूरा भएका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरूको विकासको तयारी अवधिलाई जनाउँछ ।

नेपालमा प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम समुदायमा आधारित र विद्यालयमा आधारित भएर सञ्चालन भएका छन् ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५; राष्ट्रिय शिक्षा नीति, २०७६ र सोह्रौं योजना (२०८०/८१–८५/८६) ले प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७–८८ ले ४ देखि ८ वर्षका बालबालिकाको शिक्षा तथा विकासका लागि स्पष्ट मार्गचित्र प्रदान गरेको छ ।

यिनै नीतिगत दस्तावेज र निर्देशिकालाई आधार मानी छत्रेश्वरी गाउँपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई सुलभ, सुव्यवस्थित र गुणस्तरीय बनाउँदै यसलाई आफ्नो शिक्षा योजनामा समावेश गरेको छ ।

### ३.१.१ वर्तमान अवस्था

हाल छत्रेश्वरी गाउँपालिकामा ४० वटा सामुदायिक र ३ वटा संस्थागत गरी कुल ४३ वटा विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा छन् । वडागत रूपमा सामुदायिक बालविकास केन्द्रहरू यसप्रकार छन्:

- वडा नं. १ – ४ वटा
- वडा नं. २ – ७ वटा
- वडा नं. ३ – ६ वटा
- वडा नं. ४ – ८ वटा
- वडा नं. ५ – ६ वटा
- वडा नं. ६ – ४ वटा
- वडा नं. ७ – ५ वटा

संस्थागत बालविकास केन्द्रहरू वडा नं. १, ३, र ६ मा एक–एकवटा रहेका छन् ।

शैक्षिक वर्ष २०८१ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अनुसार:

- सामुदायिक बालविकास कक्षामा ५२३ जना बालबालिका (बालक २७९, बालिका २४४)
- संस्थागत विद्यालयमा ३४९ जना (बालक १९१, बालिका १५८)

सञ्चालन व्यवस्थापनका लागि सामुदायिक केन्द्रहरूमा सङ्घीय सरकारबाट ३१ जना र स्थानीय सरकारबाट १० जना गरी ४१ जना बालविकास सहजकर्ताहरू कार्यरत छन्। संस्थागत विद्यालयमा पनि बालविकास सहजकर्ता व्यवस्थापन गरिएको छ। सबै सहजकर्ताहरू महिला हुन्।

हालका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार, पहुँच र स्रोत साधनबाट वञ्चित छन्। कतिपय केन्द्रहरू बालबालिकाको घरबाट १०–१५ मिनेट पैदल दुरीमा हुनुपर्नेमा ६० मिनेटसम्मको दुरीमा टाढा छन्।

त्यसैले भूगोल, जनघनत्व, बस्तीको स्वरूप र पहुँचलाई आधार बनाई नक्साङ्कनका माध्यमबाट बालविकास केन्द्रहरूको पुनःसंरचना, समायोजन तथा आवश्यकतानुसार नयाँ केन्द्रहरूको स्थापना अपरिहार्य देखिन्छ।

### चुनौतीहरू

- सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँचमा ल्याउनु,
- हालका बालविकास केन्द्रहरूलाई न्यूनतम मापदण्ड अनुसारको भौतिक तथा शैक्षिक वातावरणमा रूपान्तरण गर्नु,
- दुर्गम र टाढाका समुदायमा बालविकास केन्द्र स्थापना गर्नु र
- बालविकास शिक्षकहरूको आवश्यकता र क्षमता अनुसार तालिम तथा विकास कार्यक्रम सञ्चालन गर्नु।

### अवसरहरू

- बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय तहमा हुनु,
- गाउँपालिकाका ४० वटै सामुदायिक बालविकास केन्द्रहरूमा कम्तीमा १/१ जना सहजकर्ताको व्यवस्था हुनु,
- सबै बालबालिकाका लागि उपर्युक्त दिवा खाजाको व्यवस्था हुनु र
- गैर-सरकारी संस्थाहरूको सहकार्य हुनु।

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. सबै बालविकास केन्द्रहरूलाई न्यूनतम मापदण्डअनुसार व्यवस्थित बनाउनु र
३. प्रारम्भिक विकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीतिहरू

१. बालविकास केन्द्रहरूको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यकतानुसार नयाँ बालविकास केन्द्रहरुको स्थापना गर्ने,
२. निर्धारण गरिएका ढाँचा र मापदण्डअनुसार बालविकास केन्द्र सञ्चालन गर्ने,
३. भौगोलिक विविधताअनुरूप उपर्युक्त मोडेलहरू अपनाएर प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने,
४. सबै बालविकास केन्द्रहरूलाई बालमैत्री र अपाङ्गमैत्री पूर्वाधारयुक्त बनाउने,
५. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमैत्री सामग्रीहरूको प्रयोग गर्ने,
६. बालखेल तथा मनोरञ्जन सामग्री र बालउद्यानको व्यवस्था गर्ने,
७. सहजकर्तामा महिलालाई प्राथमिकता दिने,
८. परिवार, समुदाय, संघसंस्था र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
९. सहजकर्ताको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गर्ने र
१०. राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार न्यूनतम सिकाइ समय सुनिश्चित गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा अपेक्षित नतिजा

**उपलब्धि:**

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर हुनेछ ।
२. सबै बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुरूप व्यवस्थित भएका हुनेछन् ।
३. बालमैत्री, सुरक्षित र समावेशी प्रारम्भिक बालविकास केन्द्रहरू स्थापना भएका हुनेछन् ।

## प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ० | ० | ० | १ | २ |
| २ | बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त भएका बालविकास र शिक्षा केन्द्र | ० | ० | ० | १ | २ |
| ३ | न्यूनतम शैक्षिक योग्यता पुगेका बालविकास सहजकर्ता सङ्ख्या | | | ४१ | ४१ | ४१ |
| ४ | तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | | | ० | १ | २ |
| ४ | नमुना बालविकास केन्द्र सङ्ख्या | | | ० | १ | २ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने | पटक | | | | १ | १ | २ | |
| २ | बालबालिकाहरुको अभिलेख व्यवस्थापन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| | थप सेवा उपलब्ध गराउने | | | | | | | | |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्तालाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अभिभावक शिक्षा तथा सचेतना प्रदान गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | गैर सरकारी संघसंस्था र निजी क्षेत्रसँग सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| ९ | बालमैत्री बसाइ व्यवस्थापन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | खेल, मनोरञ्जन तथा प्रविधिमैत्री सामग्री र शैक्षिक सामग्रीहरुको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | बालविकास केन्द्रको अनुगमन र सहयोग प्रणालीको विकास | पटक | १० | १० | १० | १० | १० | ४० | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत तहको शिक्षालाई विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा लिने गरिन्छ। नेपालको प्रचलित शिक्षा ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षालाई जनाइएको छ। आधारभूत तहको शिक्षाले ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई समेट्छ। विद्यालय शिक्षाको जग भएकाले यसको गुणस्तर अभिवृद्धिमा विशेष ध्यान दिनु आवश्यक हुन्छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुनेमा जोड दिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भएको स्पष्ट पारेको छ। साथै विद्यालय पठाउने कर्तव्य प्रत्येक नागरिकको हुने उल्लेख गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तहको शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ।

### ३.२.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकामा रहेका ४० वटै सामुदायिक विद्यालयहरूले आधारभूत तहको शिक्षा प्रदान गरिरहेका छन्। तीमध्ये:

- कक्षा १ सम्म सञ्चालित: ३ वटा
- कक्षा १ देखि ३ सम्म: ७ वटा
- कक्षा १ देखि ५ सम्म: १६ वटा
- कक्षा १ देखि ८ सम्म: ५ वटा
- कक्षा १ देखि १० सम्म: ७ वटा
- कक्षा १ देखि १२ सम्म: २ वटा

संस्थागत विद्यालयतर्फ:

- कक्षा १ देखि ५ सम्म: १ वटा
- कक्षा १ देखि ८ सम्म: २ वटा

शैक्षिक वर्ष २०८१ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयतर्फ आधारभूत तहमा विद्यार्थी सङ्ख्या २,७२९ जना रहेको छ। जसमध्ये छात्र १,२९२ जना र छात्रा १,४३७ जना छन्। शिक्षक-विद्यार्थी अनुपात १:१६ रहेको छ।

- कक्षा १–५: विद्यार्थी सङ्ख्या १५७३, शिक्षक-विद्यार्थी अनुपात १:१२
- कक्षा ६–८: विद्यार्थी सङ्ख्या ११५६, शिक्षक-विद्यार्थी अनुपात १:२८

यस तहमा कुल १७० जना शिक्षक कार्यरत छन्:

- दरबन्दी: १२१ जना
- राहत अनुदान: ३१ जना
- संघीय शिक्षण सहयोग अनुदान: ५
- गाउँपालिका अनुदान: १३ जना

संस्थागत विद्यालयतर्फ विद्यार्थी सङ्ख्या ३२४ जना, शिक्षक-विद्यार्थी अनुपात १:९ रहेको छ। न्यून दरबन्दी वा शून्य दरबन्दी भएका विद्यालयमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ।

आधारभूत तहको खुद भर्ना दर:

- समग्र: ९६.६%
- कक्षा १–५: ९७%

- कक्षा ६–८: ९५.८%

कूल भर्ना दर:

- समग्र: १००.३%
- कक्षा १–५: ९६.६%
- कक्षा ६–८: १०६.८%

उत्तीर्ण दर:

- कक्षा १–५: ८३%
- कक्षा ६–८: ८७.४%

विद्यालय छोड्ने दर:

- कक्षा १–५: ८.२%
- कक्षा ६–८: ५.४%

गाउँपालिकाले आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा ८ सम्म कार्यान्वयनमा ल्याइसकेको छ भने पाठ्यपुस्तक निर्माण प्रक्रियामा छ । विद्यार्थी सङ्ख्या घट्दो अवस्थामा रहेकाले केही विद्यालय समायोजन आवश्यक देखिएको छ । शिक्षक दरबन्दी मिलान, प्रविधिमैत्री वातावरण र समावेशी, सुरक्षित, बालमैत्री संरचना विकास गर्न जरुरी देखिन्छ ।

### चुनौतीहरू

- न्यूनतम भौतिक पूर्वाधार र सिकाइ सक्षमता व्यवस्थापन गर्नु,
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,
- सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण वृद्धि गर्नु र विद्यार्थी सङ्ख्या बढाउनु,
- शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी व्यवस्था गर्नु र
- शिक्षक तथा विद्यार्थीहरुको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गर्नु ।

### अवसरहरू

- स्थानीय तहलाई आधारभूत शिक्षाको व्यवस्थापन गर्ने अधिकार हुनु,
- आधारभूत तह बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा तथा पोषण कार्यक्रमको सञ्चालन हुनु,
- समता तथा पहुँच वृद्धिका लागि राज्यका सबै तहका सरकारले छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सक्नु,

- शिक्षकको क्षमता अभिवृद्धिमा संघ र प्रदेश सरकारबाट विभिन्न कार्यक्रम सञ्चालन हुनु र
- शिक्षण सुधारका लागि संघसंस्थाको सहकार्य हुनु ।

### ३.२.२ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैका लागि समतामूलक पहुँचसहित अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि प्राप्त हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु र
- विद्यालय वातावरणलाई बालमैत्री, सिकाइमैत्री, लैङ्गिकमैत्री, समावेशी, सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीतिहरू

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजना गर्ने,
२. विद्यालयबाहिर रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
३. स्थानीय विविधताअनुरूप सिकाइ क्रियाकलापको सञ्चालन गर्ने,
४. समुदाय, संघसंस्था, निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने,
५. एकीकृत पाठ्यक्रमअनुसार भाषा र गणितीय सिप प्रवर्द्धन गर्ने,
६. पढाइसम्बन्धि क्रियाकलापको लागि स्रोत व्यवस्थापन तथा कार्यान्वयन गर्ने,
७. विषयवस्तुको एकीकरण र सिकाइ विधिमा सुधार गर्ने,
८. व्यवहारकुशल सिपहरूलाई सिकाइमा समावेश गर्ने,
९. आवधिक मूल्याङ्कन, कक्षा ५ मा वडास्तरीय र कक्षा ८ मा पालिकास्तरीय परीक्षा सञ्चालन गर्ने,
१०. पोषण, स्वास्थ्य तथा मनोसामाजिक परामर्श सुविधा उपलब्ध गराउने,
११. शिक्षक तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
१२. सूचना तथा प्रविधिको प्रयोग विस्तार गर्ने,
१३. बालमैत्री, समावेशी र सुरक्षित वातावरणको विकास गर्ने,
१४. सङ्कट तथा महामारीमा शिक्षाको उत्थानशीलता सुनिश्चित गर्ने,
१५. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता प्राप्त गर्न आवश्यक व्यवस्थापन गर्ने र
१६. सिर्जनशीलता अभिवृद्धि गर्ने अतिरिक्त क्रियाकलाप सञ्चालन तथा बालउद्यान, करेसाबारी, फूलबारी निर्माण गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- अनिवार्य तथा निःशुल्क शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- गुणस्तर अभिवृद्धि भएको आधारभूत शिक्षा प्रणाली हुनेछ।
- सबै बालबालिकाले आधारभूत तह पूरा गरेका हुनेछन् र
- बालमैत्री, सिकाइमैत्री, लैङ्गिकमैत्री, समावेशी र सुरक्षित वातावरण विकास भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिका प्रतिशत | | | ९७.६०% | ९८% | ९९% |
| २ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालवालिका प्रतिशत | | | १००% | १००% | १००% |
| ३ | आधारभुत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | ६७ | ६५ | ६० |
| ४ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएका विद्यालयहरु | | | ४० | ४० | ४० |
| ५ | अर्धबार्षीक रुपमा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने विद्यालयहरु | | | ० | ७ | १४ |
| ६ | विद्यार्थीहरुका लागी शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने विद्यालयहरु | | | १४ | ३० | ४० |
| ७ | शिक्षक पेसागत सहयोग प्राप्त शिक्षक सङ्ख्या | | | ७० | ५० | ५० |
| ८ | एकिकृत पाठ्यक्रममा आधारित तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या | | | ५० | ५८ | ६२ |
| ९ | विषयगत तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या (कक्षा ६ देखि ८ सम्म) | | | १२ | १३ | १४ |
| १० | ICT तालिम प्राप्त शिक्षक शिक्षक सङ्ख्या | | | ३९ | ३९ | ३९ |

| क्र.सं | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| ११ | गैरसरकारी संस्था लगायत अन्य अनौपचारीक क्षेत्र बाट सहयोग प्राप्त विद्यालय सङ्ख्या | | | ३६ | ४० | ४० |
| १२ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | | | ४० | ४० | ४० |
| १४ | विपद जोखिम न्युनिकरण योजना तयार गरी कार्यान्वयन गर्न विद्यालयहरुको संङ्ख्या | | | ० | ७ | १४ |
| १५ | सूचना प्रविधिको पहुँच भएका विद्यालय सङ्ख्या | | | १२ | १३ | १४१ |
| १६ | विद्यालयमा बालपुस्तकालयको स्थापना विद्यालय सङ्ख्या | | | २० | २९ | ३६ |
| १७ | विद्यालयमा बुक कर्नर स्थापना विद्यालय सङ्ख्या | | | ३८ | ३८ | ३८ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | ० | १ | १ | २ | |
| २ | भर्ना अभियान तथा विद्यालय बाहिर रहेका बालबालिकाको खोजविन अभियान संचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने | पटक | | | ० | २ | २ | ४ | |
| ४ | विद्यार्थीहरुका लागी शैक्षिक तथा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने | | | | | | | | |
| ५ | शिक्षकहरु लागि  पेसागत सहयोग प्रदान गर्ने | पटक | | | २ | ३ | ३ | ८ | |
| ६ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | |
| ८ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | पालिकामा कम्तिमा एउटा नमूना विद्यालय बनाउने | वटा | | | ० | १ | १ | २ | स्थानिय तह, प्रदेश र संघ सँस्थासँगको साझेदारीमा |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ |
| १३ | छात्रा, दलित, विपन्न, अपाङ्गता र विविध अवस्थाका बालबालिकालाई छात्रवृत्ति | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सन्दर्भ सामग्री र शिक्षण सिकाइ सामाग्रीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १७ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना, विव्यस, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १८ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको ब्यवस्था | वटा | ४० | ४० | ४० | ४० | ४० | २०० | |
| १९ | कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| २० | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालवालिकालाई भरपुर पढाईको अवसर प्रदान | वटा | ४० | ४० | ४० | ४० | ४० | | |
| २१ | आधारभूत तह र प्रारम्भिक कक्षामा पढाइ मेला र शैक्षिक सामाग्री प्रर्दर्शनी गर्ने | पटक | | | १ | १ | १ | ५ | |
| २२ | शिक्षक तथा कर्मचारी व्यवस्थापन र सेवा सुविधामा वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको शिक्षा ऐन, २०२८ तथा विद्यालय शिक्षा क्षेत्र योजनाकाअनुसार १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई प्रदान गरिने कक्षा ९ देखि १२ सम्मको विद्यालय तहको शिक्षालाई *माध्यमिक शिक्षा* भनिन्छ। माध्यमिक शिक्षा उच्च शिक्षाको आधारस्तम्भको रूपमा लिइन्छ।

धारको आधारमा माध्यमिक तहको शिक्षा तीन प्रकारमा वर्गीकृत गरिएको छ: साधारण, व्यवसायिक वा प्राविधिक र धार्मिक वा परम्परागत।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने कुरा सुनिश्चित गरेको छ। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्राप्त गराउने जिम्मेवारी राज्यको हुने स्पष्ट पारेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षालाई गुणस्तरीय, निःशुल्क र सबैको पहुँचमा पुगोस् भन्ने उद्देश्य राखेको छ। यसले सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता र सकारात्मक चिन्तनजस्ता गुण विकास गरी प्रतिस्पर्धी, सिपयुक्त तथा उत्पादनशील जनशक्ति तयार पार्ने लक्ष्य लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकामा माध्यमिक तहसम्म सञ्चालनमा रहेका विद्यालयहरूको सङ्ख्या ९ वटा रहेको छ। तीमध्ये कक्षा १ देखि १० सम्म सञ्चालनमा रहेका विद्यालयहरू ७ वटा र कक्षा १ देखि १२ सम्म सञ्चालनमा रहेका विद्यालयहरू २ वटा छन्। ती सबै विद्यालयहरू सामुदायिक हुन्।

शैक्षिक वर्ष २०८१ को तथ्याङ्कअनुसार माध्यमिक तहमा कूल विद्यार्थी सङ्ख्या १,१५६ रहेको छ, जसमा छात्र सङ्ख्या ५६० र छात्रा सङ्ख्या ५९६ रहेको छ। यस तहमा लैङ्गिक अनुपात १:१.०६ रहेको छ।

समुहगत रूपमा हेर्दा ब्राह्मण/क्षेत्री समुदायका ६९३ जना, दलित समुदायका २३० जना, जनजाति समुदायका १९४ जना र अन्य समुदायका ३९ जना विद्यार्थी अध्ययनरत छन्।

यस गाउँपालिकामा कक्षा ९ देखि १२ सम्मको कूल भर्ना दर ७२.७% रहेको छ भने खुद भर्ना दर ५६.२% रहेको छ।

माध्यमिक तहमा (कक्षा ९–१०) शिक्षक सङ्ख्या ३५ जना रहेको छ भने कक्षा ११–१२ मा ६ जना शिक्षक कार्यरत छन्। निजी स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त शिक्षकको सङ्ख्या ४ जना रहेको छ। यस तहमा शिक्षकविद्यार्थी अनुपात १:३३ रहेको पाइन्छ।

**चुनौतीहरू:**

- सबै माध्यमिक विद्यालयमा विषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
- माध्यमिक शिक्षालाई निःशुल्कसहित सबैको लागि पहुँचयोग्य बनाउनु,
- जीवनोपयोगी, व्यवहारिक र उत्पादनमुखी सिकाइ प्रणालीको विकास गर्नु,
- प्राविधिक धारतर्फका विद्यालयमा शिक्षक र विद्यार्थीलाई निरन्तर टिकाइ राख्नु र
- कक्षा ११ र १२ मा विद्यार्थी सङ्ख्या वृद्धि गर्नु ।

**अवसरहरू:**

- नेपालको संविधानमा नै माध्यमिक शिक्षालाई निःशुल्क बनाउने व्यवस्था हुनु,
- माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको रूपमा रहनु,
- गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर कार्य गर्नु,
- माध्यमिक तहमा कार्यरत उल्लेख्य प्रतिशत शिक्षकहरू तालिम प्राप्त हुनु,
- विद्यालयहरूको भौतिक पूर्वाधार क्रमशः सुविधासम्पन्न बन्दै जानु र
- शिक्षाको क्षेत्रलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्थासँग सहकार्यको अवसर हुनु ।

### ३.३.२ उद्देश्य

- माध्यमिक शिक्षालाई निःशुल्क बनाई सबै समूह र समुदायका बालबालिकाका लागि पहुँचयोग्य र सहभागितामूलक बनाउनु,
- माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु,
- माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, समतामूलक, लैङ्गिकमैत्री र सुरक्षित बनाउनु र
- सकारात्मक सोच भएका, सिपमूलक, चरित्रवान तथा नैतिकवान जनशक्ति उत्पादन गर्नु ।

### ३.३.३ रणनीतिहरू

१. सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
२. विद्यालयबाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
३. अभिभावक शिक्षा, अभिमुखीकरण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

४. आर्थिक रूपमा विपन्न, जोखिममा रहेका, अपाङ्गता भएका बालबालिकाको पहुँच अभिवृद्धिका लागि छात्रवृत्ति वितरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,

५. माध्यमिक शिक्षामा STEAM (Science, Technology, Engineering, Arts, Mathematics) शिक्षा प्रणालीको समावेशीकरण गर्ने तथा विज्ञान, गणित र कम्प्युटर विज्ञानको अध्ययनका लागि अवसर वृद्धि गर्ने,

६. सिकाइ क्षमता कमजोर भएका बालबालिकाका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाउने,

७. विद्यार्थी-केन्द्रित शिक्षण सिकाइ पद्धति, सूचना तथा सञ्चार प्रविधि र डिजिटल प्रविधिको अधिकतम प्रयोग गरी न्यूनतम सिकाइ सुनिश्चित गर्ने,

८. माध्यमिक शिक्षाको गुणस्तर वृद्धिका लागि अतिरिक्त क्रियाकलाप, शिक्षकको पेसागत दक्षता अभिवृद्धि, तालिम, कार्यशाला तथा अभिप्रेरणा कार्यक्रम सञ्चालन गर्ने,

९. आवधिक रूपमा सिकाइ मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,

१०. प्रअलाई शैक्षिक भ्रमण तथा सिकाइ आदानप्रदानका कार्यक्रममा सहभागी गराउने,

११. विद्यालयमा प्रेरणादायी कक्षा (Motivational Class), पेसागत प्रोत्साहन र नैतिक शिक्षा कक्षा सञ्चालन गर्ने,

१२. पालिकास्तरीय SEE तयारी परीक्षा (Mock Test) सञ्चालन गर्ने,

१३. कम्प्युटर, हस्तलेखन, नृत्य, गायन, वाद्यवादन, खेलकुद आदि क्रियाकलापका लागि प्रशिक्षकको व्यवस्था गर्ने,

१४. विद्यालयको भौतिक र शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, समतामूलक, लैङ्गिकमैत्री र सुरक्षित बनाउने,

१५. प्रकोप, सङ्कट, महामारी र जलवायु परिवर्तनजस्ता परिस्थितिमा विद्यालयलाई उत्थानशील बनाउने।

१६. माध्यमिक तह (कक्षा ९–१२) मा नर्स कार्यक्रम लागू गर्ने र

१७. सक्षम, उत्प्रेरित र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्न क्षमता अभिवृद्धि कार्यक्रम तथा अतिरिक्त सेवा सुविधाको व्यवस्था गर्ने।

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### प्रमुख उपलब्धिहरू:

- माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क भएको हुनेछ।
- माध्यमिक शिक्षामा सबै वर्ग, जाति, लिङ्ग र समुदायका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ र
- माध्यमिक विद्यालयहरू बालमैत्री, सिकाइमैत्री, समावेशी, समतामूलक तथा सुरक्षित शिक्षण वातावरणयुक्त हुनेछ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा (९-१०) मा कुल भर्ना दर | | | ९६.४ | ९७ | ९८ |
| २ | माध्यमिक तह कक्षा (९-१०) मा खुद भर्ना दर | | | ७९.२ | ८० | ८१ |
| ३ | माध्यमिक तह कक्षा (११-१२) मा कुल भर्ना दर | | | ५०.४ | ५१ | ५२ |
| ४ | माध्यमिक तह कक्षा (११-१२) मा कुल भर्ना दर | | | ३४.६ | ३५ | ३६ |
| ५ | विद्यालय बाहिर रहेका विद्यार्थी दर | | | | | |
| ६ | विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको दर | | | ०.८२% | ०.८०% | ०.७५% |
| ७ | एसइई उत्तीर्ण दर | | | ५३.२४% | ५४% | ५५% |
| ८ | माध्यमिक तह (९-१०) का शिक्षकहरूमध्ये तालिम प्राप्त शिक्षकहरूको प्रतिशत | | | ६६.६७% | ८३.३३% | १००% |
| ९ | कम्प्युटर र सूचना प्रविधिको पहुँच भएका विद्यालयहरूको प्रतिशत | | | ८८.८९% | १००% | १००% |
| १० | Motivational Class सञ्चालन भएका विद्यालय सङ्ख्या | | | २ | ४ | ६ |
| ११ | शिक्षक विद्यार्थी अनुपात | | | १:३३ | १:३५ | १:४० |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

### माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १ | विद्यालय सेवा क्षेत्रको नक्साङ्कन र सिमाङ्कन गर्ने | पटक | | | | १ | | १ | स्थानिय तह |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | ओटा | | | | १ | | १ | स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पहिचान गरी विद्यालयमा अध्ययन गर्ने वातावरण सृजना गर्ने। | पटक | | | १ | १ | १ | ३ | स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तरसम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानिय तह |
| ५ | विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | पटक | | | ० | १ | १ | २ | स्थानीय तह |
| ६ | बैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने | पटक | | | ० | १ | १ | २ | स्थानीय तह |
| ७ | माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| ८ | शिक्षक पेसागत विकास तालिम तथा पेसागत सहयोगको व्यवस्था गरी शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने | पटक | | | | १ | १ | २ | प्रदेश र स्थानीय तह |
| ९ | शिक्षकहरूका लागि पुरस्कार र दण्डको व्यवस्था गर्ने | | | | | नियमित | नियमित | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १० | हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने | | | | | नियमित | नियमित | | स्थानीय तह |
| ११ | प्रधानाध्यापक व्यवस्थापन सम्बन्धि कार्यविधि तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | पटक | | | | १ | | १ | स्थानीय तह |
| १२ | विद्यालयमा स्काउटिङ गतिविधि सञ्चालन गर्ने । | | | | | नियमित | नियमित | | विद्यालय र स्थानीय तह |
| १३ | विद्यालयमा विभिन्न ल्यावहरु तथा पुस्तकालय स्थापना र व्यवस्थित गर्ने । | | | | | नियमित | नियमित | | संघ, प्रदेश र स्थानीय तह |
| १४ | आर्थिक रुपले विपन्न परिवारका बालबालिका, जोखिममा परेका, अपाङ्गता भएका बालबालिकाकालागि छात्रवृत्ति व्यवस्थापन सम्बन्धफ कार्यविधि तयार गरी कार्यान्वयन गर्ने । | पटक | | | | १ | | १ | स्थानीय तह |
| १५ | सिकाइ क्षमता कमजोर भएका बालबालिकाका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाउने । | | | | | नियमित | नियमित | | स्थानीय तह |
| १६ | समय समयमा पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउने । | | | | | नियमित | नियमित | | स्थानीय तह |
| १७ | कम्प्युटर, हस्तलेखन, नृत्य, गायन, बाद्यवादन, खेल जस्ता क्रियाकलापहरुको लागि प्रशिक्षकको व्यवस्था गर्ने । | | | | | नियमित | नियमित | | स्थानीय तह |
| १८ | कक्षा लगबुकको व्यवस्था गर्ने । | | | | | नियमित | नियमित | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १९ | विद्यालयमा उत्प्रेरक कक्षा (motivational class) संचालन गर्ने । | पटक | | | | प्रत्येक विद्यालयमा १ पटक | प्रत्येक विद्यालयमा १ पटक | | स्थानीय तह |
| २० | विद्यार्थी, शिक्षक, शिअसं र विव्यसलाई शैक्षिक भ्रमणको व्यवस्था गर्ने । | १ | | | | १ | १ | २ | स्थानीय तह |
| २१ | अभिभावक शिक्षा अभिमुखीकरण तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने । | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| २२ | माध्यमिक तह कक्षा (९-१२) संचालित विद्यालयहरुमा नर्स कार्यक्रम लागू गर्ने । | पटक | | | | ४ वटा विद्यालयमा | ५ वटा विद्यालयमा | | स्थानीय तह |
| २३ | आवासीय विद्यालयकालागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी पालिकामा कम्तिमा २ ओटा आवासीय विद्यालय संचालन गर्ने । | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| २४ | पालिकास्तरीय SEE ल्याकत परीक्षा (MOCK TEST) संचालनको व्यवस्था गर्ने । | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| २५ | School Bus संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी आवश्यकताका आधारमा School Bus संचालन गर्ने । | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| २६ | खेलकुद विकासकालागि पालिकास्तरीय मापदण्ड अनुसारको खेलमैदानको निर्माण गर्ने । | पटक | | | | १ | | १ | स्थानीय तह |
| २७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | २ | २ | ९ | संघ र स्थानिय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| २८ | विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास तालिम/ कार्यशाला सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश र स्थानिय तह |
| २९ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ तथा स्थानिय तह |
| ३० | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | सवै | सवै | सवै | सवै | सवै | | |
| ३१ | कक्षाकोठामा आधारित मूल्यांकनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३२ | बाल क्लव गठन तथा परिचालन, विद्यार्थी परामर्श तथा अभिभावक सचेतनाका लागि सहयोग | माध्यमिक विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३३ | शैक्षिक सामग्री निर्माण तथा प्रदर्शन मेला सञ्चालन गर्ने। | पटक | | | | १ | १ | २ | स्थानीय तह |
| ३४ | शिक्षक तथा कर्मचारि व्यवस्थापन र सेवा सुविधामा वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको प्रारम्भिक तहदेखि नै समेट्ने प्रयास गरिएको छ। देशको समग्र विकासका लागि साधारण तथा प्राविधिक जनशक्तिबिच सन्तुलन आवश्यक रहेको सन्दर्भमा, प्रारम्भमा साधारण शिक्षामा केन्द्रित गरिए तापनि पछिल्ला वर्षहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ विशेष जोड दिइन थालिएको छ।

हाल कृषि, भेटनरी, सब–ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर विज्ञान लगायतका क्षेत्रमा दक्ष जनशक्तिको उच्च माग देखिएको छ। यस सन्दर्भमा सबै लिङ्ग, अपाङ्गता भएका व्यक्तिहरू, गरिब, सीमान्तकृत तथा सामाजिक–आर्थिक रूपमा पछाडि पारिएका समुदायको

प्राविधिक तथा व्यवसायिक शिक्षामा समतामूलक पहुँच, सक्रिय सहभागिता तथा सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग सम्बन्ध स्थापित गर्न आवश्यक देखिन्छ ।

नेपालको संविधान जारी भएसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षालाई साकार पार्न राष्ट्रिय योजना आयोगले निर्धारण गरेका नौ वटा राष्ट्रिय लक्ष्यहरूमध्ये "उच्च र दिगो उत्पादन तथा उत्पादकत्व" एक प्रमुख लक्ष्य हो । उक्त लक्ष्य हासिल गर्न गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा विशेष जोड दिइएको छ ।

त्यस्तै, सन् २०१५ मा संयुक्त राष्ट्रसंघले घोषणा गरेको **दिगो विकास लक्ष्य (SDG)** अन्तर्गत सन् २०३० सम्म सबै व्यक्तिका लागि समावेशी, समतामूलक र न्यायसङ्गत ढङ्गमा जीवनोपयोगी तथा सिपमूलक शिक्षा प्रदान गर्न जोड दिइएको छ ।

यस किसिमको शिक्षाको प्रवर्धनले छत्रेश्वरी गाउँपालिकाभित्र सिपयुक्त, दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्नेछ । साथै रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना भई वैदेशिक रोजगारीमा निर्भर युवाहरू आत्मनिर्भर र उद्यमशील बन्ने वातावरण तयार हुनेछ ।

### ३.४.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकाको शारदा माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत *पशु विज्ञान* विषयको पठनपाठन भइरहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त यस कार्यक्रम अन्तर्गत हाल १९ जना छात्रा ६ जना छात्र गरी जम्मा २५ जना विद्यार्थी अध्ययनरत छन् भने १ जना प्रशिक्षकहरू कार्यरत छन् ।

यस कार्यक्रमले स्थानीय तहमा मध्यमस्तरको सिपयुक्त जनशक्ति उत्पादनमा सहयोग पुऱ्याएको छ । गाउँपालिकाले प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्न छात्रवृत्ति उपलब्ध गराएको छ । तथापि, पछिल्लो समय प्रशिक्षकको अभाव र विद्यार्थीको घट्दो सहभागिताका कारण कार्यक्रम बन्द हुने जोखिमपूर्ण अवस्थामा पुगेको छ ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा सबैको पहुँच अभिवृद्धि गर्नु,
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु र
३. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू सिर्जना गर्न आवश्यक नीति, कार्यक्रम तथा संरचनात्मक संयन्त्र विकास गर्नु ।

### ३.४.३ रणनीतिहरू

- प्राविधिक शिक्षालाई सबै वर्ग र समुदायको पहुँचमा पुऱ्याउने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा दक्ष तथा प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,
- स्थानीय तहमै प्राविधिक र सिपमूलक शिक्षाको अवसरहरू सिर्जना गर्ने,
- प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूको स्थापना, सञ्चालन तथा नियमन गर्ने,
- गुणस्तरीय, प्रभावकारी र समावेशी प्राविधिक तालिम सुनिश्चित गर्न सरोकारवालाहरूसँग समन्वय र साझेदारी गर्ने,
- सिपमा आधारित आयआर्जनमूलक गतिविधिको माध्यमबाट आत्मनिर्भरता प्राप्त गर्न संस्थागत क्षमता विकास गर्ने,
- महिला, मुस्लिम, जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न वर्गलाई मूल प्रवाहीकरण गर्नकालागि छात्रवृत्तिसहित समावेशी कार्यक्रमहरू सञ्चालन गर्ने,
- कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा, संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रमा आधारित सिपमूलक तालिम सञ्चालन गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक र सिपमूलक शिक्षा उपलब्ध गराउन सम्बन्धित संघसंस्था, निकायहरूसँग समन्वय गर्ने,
- स्थानीय तहमा क्रियाशील प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूसँग सहकार्य गरी सञ्चालनमा आवश्यक सहयोग प्रदान गर्ने र
- रैथाने ज्ञान, सिप, प्रविधि तथा शैलीको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी उत्पादन, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका माध्यमबाट आर्थिक जीवनस्तर सुधार गर्न सफल भएका हुनेछन,
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सबैका लागि समतामूलक पहुँचसहित पर्याप्त अवसरहरू सिर्जना भएका हुनेछन,
- गाउँपालिकामा बहुप्राविधिक शिक्षालय वा प्राविधिक धारसहितका माध्यमिक विद्यालयहरू स्थापना भई प्रभावकारी रूपमा सञ्चालनमा रहेका हुनेछन,

- स्थानीय स्तरमा सञ्चालित प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरू सान्दर्भिकता, गुणस्तर र परिणामका दृष्टिले प्रभावकारी बनेका हुनेछन,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू उत्पादनशीलता र स्थानीय आर्थिक उपार्जनसँग जोडिएका हुनेछन,
- परम्परागत रैथाने सिपहरूको पहिचान, प्रमाणीकरण र प्रवर्द्धन भई संरक्षण र उपयोगमा ल्याइएको हुनेछ,
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सिप र अनुभवको पहिचान, प्रमाणीकरण र प्रयोगका लागि अनुकूल वातावरण सिर्जना भएको हुनेछ र
- खोज, नवप्रवर्तन (innovation) र उद्यमशीलताको प्रवर्द्धन भई स्थानीय स्तरमै सृजनात्मक तथा नवाचारमा आधारित उद्यमहरू विकास भएका हुनेछन ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | २५ | ४० | ४० |
| ३ | छात्रवृत्ति पाउने विद्यार्थीहरूको सङ्ख्या | | | १४ | १६ | १८ |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिमका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | १ | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | २ | २ | २ | २ | २ | १० | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | १ | | १ | १ | १ | ४ | |
| ५ | युवालाइ खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू संचालन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाइ उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | प्रशिक्षक सङ्ख्या | जना | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ९ | छात्रवृत्ति पाउने प्रशिक्षार्थी सङ्ख्या | | | | १४ | २ | २ | १८ | |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १० | अवलोकन भ्रमण गरेको सङ्ख्या | पटक | | | १ | १ | १ | ३ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीको संरचना बाहिर रहेर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गरिने शिक्षात्मक प्रणालीलाई *अनौपचारिक शिक्षा* भनिन्छ, जसले व्यक्तिको जीवनभर जारी रहने *आजीवन सिकाइ*लाई पनि समेट्छ । अनौपचारिक शिक्षाले समाजमा रहेका विभिन्न समूहहरूको आवश्यकतालाई ध्यानमा राखी विविध लक्ष्यहरूका साथ शिक्षात्मक सेवा प्रदान गर्दछ ।

निरक्षर व्यक्तिका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर शिक्षा, सिकाइको स्तरवृद्धि, सिपसँग आम्दानीको संयोजन तथा शिक्षित, सक्षम समाज निर्माणमा अनौपचारिक र आजीवन शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । त्यस्तै, राष्ट्रिय शिक्षा नीतिले समावेशी र समतामूलक शिक्षालाई प्रवर्द्धन गर्दै आएको छ भने दिगो विकास लक्ष्य (SDG) नं. ४ ले *"सबैका लागि समावेशी, न्यायोचित र गुणस्तरीय शिक्षा"* र *"जीवनपर्यन्त सिकाइका अवसर"* सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

विगतमा सञ्चालित साक्षरताका कार्यक्रमहरूले धेरै व्यक्तिलाई साक्षर बनाएको भए पनि तिनको शिक्षालाई निरन्तरता दिन मागमा आधारित निरन्तर शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरू आवश्यक छन् । विशेषगरी औपचारिक शिक्षाबाट बाहिर रहेका महिला, युवा र प्रौढहरूलाई लक्षित गरी कार्यमूलक साक्षरता, सिपमूलक तालिम, डिजिटल साक्षरता, आयमूलक कार्यक्रम, समूह साझेदारी तथा सामाजिक सचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

त्यस्तै, औपचारिक र अनौपचारिक शिक्षा प्रणालीहरूबिच *Cross Ventilator* प्रणाली विकास गरी शिक्षालाई लचकदार, पहुँचयोग्य र आवश्यकतालाई सम्बोधन गर्ने किसिमबाट कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसले औपचारिक शिक्षा प्रणालीमा पुनः प्रवेश गर्न चाहनेहरूका लागि पनि सहज वातावरण सिर्जना गर्नेछ ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने, अनौपचारिक, वैकल्पिक, परम्परागत तथा खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । यस नीति अन्तर्गत जीवनपर्यन्त सिकाइमार्फत मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरिएको छ ।

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसैअनुसार सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ समेत कार्यान्वयनमा ल्याइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार छत्रेश्वरी गाउँपालिकामा हाल ५१३९ घरधुरी र २१,२४२ जनसङ्ख्या रहेको छ । पालिकाभित्र हाल १ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ, जसको नियमित अनुगमन, निरीक्षण र परिचालन कार्य भइरहेको छ । उल्लेखनीय कुरा के छ भने, वि.सं. २०७२ पुस १४ गते सल्यान जिल्ला *नेपालको २२ औं साक्षर जिल्ला*का रूपमा घोषणा भइसकेको छ ।

#### प्रमुख चुनौतीहरू:

- सामुदायिक सिकाइ केन्द्रहरूलाई पूर्ण रूपमा **क्रियाशील** बनाउनु,
- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिहरूलाई **अनौपचारिक शिक्षामा समावेश** गराउनु,
- सबै नागरिकलाई **डिजिटल साक्षर बनाउनु**,
- अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग **आवद्ध गर्नु**,
- सिकाइका लागि **पर्याप्त पठन सामग्री**को उपलब्धता सुनिश्चित गर्नु,
- अनौपचारिक सिकाइ केन्द्रहरूका लागि **आर्थिक स्रोतहरूको सुनिश्चितता** गर्नु,
- केन्द्र सञ्चालनका लागि **योग्य जनशक्तिको व्यवस्था** गर्नु र
- प्रत्येक वडामा **कम्तीमा एक अनौपचारिक सिकाइ केन्द्रको स्थापना** गर्नु ।

#### अवसरहरू

- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकलाई परिचालन गरी डिजिटल साक्षरता अवस्था सुधार गर्ने सम्भावना,

- सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकताहरू सम्बोधन गर्न सक्ने केन्द्रका रूपमा विकास गर्ने,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित पाठ्यसामग्री विकास गर्ने,
- शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको कानुनी व्यवस्था,
- शिक्षा नियमावलीमा अनौपचारिक शिक्षासम्बन्धी स्पष्ट व्यवस्था,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापनसम्बन्धी नीतिगत संरचना उपलब्ध हुनु,
- विभिन्न संघसंस्था र सरोकारवालाहरूले 'सबैका लागि शिक्षा' मा प्रतिवद्धता जनाउनु र
- सल्यान जिल्ला साक्षर जिल्ला घोषणा हुनु ।

### ३.५.२ उद्देश्यहरू

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,

२. औपचारिक, अनौपचारिक तथा वैकल्पिक शिक्षाबिच अन्तर्सम्बन्ध (cross-linkage) स्थापित गर्ने,

३. आजीवन सिकाइ संस्कृति विकासका लागि अनौपचारिक शिक्षा प्रणालीको संस्थागत सुदृढीकरण गर्ने र

४. सामुदायिक सिकाइ केन्द्रमार्फत जनचेतना अभिवृद्धि तथा सिपमूलक कार्यक्रम र तालिम सञ्चालन गर्ने ।

### ३.५.३ रणनीतिहरू

- मौलिक तथा परम्परागत ज्ञान, सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण र हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनःसंरचना तथा आवश्यकतानुसार पुनःवितरण गरिने,
- विद्यालय, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकहरूको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गरिने,
- सिकाइकर्ताको आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुरूप सामग्रीको प्रयोग गरिने,

- सरोकारवालासँग सहकार्य गरी अनौपचारिक र वैकल्पिक शिक्षाको विस्तार गरिने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सूचना केन्द्र, एफ.एम. रेडियो लगायतका सेवा प्रवाह गर्ने बहुउद्देश्यीय थलोको रूपमा विकास गरिने,
- समुदायमा जनचेतनामूलक कार्यक्रम सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गरिने,
- सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिने,
- सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चारमाध्यम र अभिभावकको सहभागितामा सिपमूलक कार्यक्रम कार्यान्वयन गरिने र
- अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान र सिपहरूको परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूप (National Qualifications Framework) अनुसार प्रमाणपत्रको व्यवस्था गरिने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि (Achievements):**

योजना कार्यान्वयनबाट प्राप्त हुने प्रमुख उपलब्धिहरू यसप्रकार छन्:

- सबै नागरिकका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित हुने,
- स्थानीय तहमा सिपमूलक तालिमबाट समुदायका नागरिकहरू आर्थिक रूपमा सक्षम र स्वावलम्बी बन्ने,
- अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन हुने र
- मौलिक र परम्परागत सिपहरूको संरक्षण, प्रवर्धन र उपयोग हुने ।

**प्रमुख नतिजा (Key Results):**

- सबै नागरिकले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त गर्ने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत प्रणाली निर्माण भई सञ्चालनमा आउने,
- सिकाइकर्ताको आवश्यकताअनुसार जीवनोपयोगी सामग्रीहरू विकास भई कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्रहरू आजीवन सिकाइका प्रमुख थलोका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट प्राप्त ज्ञान र सिपहरूको परीक्षण, प्रमाणीकरण तथा समकक्षता प्रदान गरिने र

- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने ।

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक गन्तव्य (Targets)

- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने (वार्षिक लक्ष्य तोक्ने),
- सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या वृद्धि गर्ने र ती केन्द्रहरूलाई नियमित रूपमा सञ्चालनमा ल्याउने,
- सामुदायिक सिकाइ केन्द्रहरूलाई पुस्तकालय, सूचना केन्द्र तथा बहुउद्देश्यीय थलोका रूपमा रूपान्तरण गर्ने,
- मौलिक तथा परम्परागत सिप र ज्ञानमा आधारित सिकाइ सामग्री विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगद्वारा सिकाइ प्रभावकारिता अभिवृद्धि गर्ने,
- सिकाइ प्रक्रियाबाट आर्जित सिपहरूको प्रमाणीकरण प्रणाली विकास गर्ने,
- सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य र साझेदारी विस्तार गर्ने,
- अनौपचारिक घुम्ती विद्यालय तथा स्रोत कक्षाहरू सञ्चालन गर्ने,
- धार्मिक तथा वैकल्पिक विद्यालयहरूलाई समेत समावेशी बनाउँदै अनुदान प्रदान गर्ने र
- संस्थागत व्यवस्थापन तथा अनुगमन प्रणाली सुदृढ गर्ने ।

### ३.५.६ प्रमुख उपलब्धी तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु:

- सबै नागरिकहरुका लागी आजीवन सिकाइका अवसरहरु प्राप्त हुनेछन् ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र सिप प्रवर्द्धन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र स्थानिय तह |
| २ | आजीवन सिकाइ सिप हासिल गरेका व्यक्तिहरुको तथ्यंक संकलन र वर्गीकरण गर्ने | पटक | १ | | १ | | १ | ३ | स्थानिय तह र सामदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्तकालयको व्यवस्थापन गरी सामुदायिक अध्ययन केन्द्रसँग आवद्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ४ | सामुदायिक केन्द्रमा सुचना तथा संचार प्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | सामुदायिक केन्द्र | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | संयोजक र आवश्यकता अनुसार सहयोगीको व्यवस्था गर्ने | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | | संघ, प्रदेश र स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| ६ | संघ, प्रदेश र स्थानिय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानिय तह र अन्य संघसंस्था |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानिय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश, स्थानिय तह र अन्य संघसंस्था |
| ८ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिला, कैदीहरूको तथ्याङ्क संकलन र आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानिय तह (आवश्यकता मा आधारित) | | १ | १ | १ | १ | ४ | संघ, प्रदेश, स्थानिय तह र अन्य संघसंस्था |
| ९ | आधारभूत सुविधा सम्पन्न सिकाइ केन्द्रका सङ्ख्या बृद्धी गर्ने | स्थानिय तह | | १ | १ | १ | १ | ४ | संघ, प्रदेश, स्थानिय तह र अन्य संघसंस्था |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १० | अनौपचारिक घुम्ति विद्यालय सा◌ेतकक्षा सञ्चालन विद्यालय र धार्मीक प्रकृतिका विद्यालयहरूलाई अनुदान, | स्थानिय तह (आवश्यकतामा आधारित) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश, स्थानिय तह र अन्य संघसंस्था |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार **पाठ्यक्रम** हो। पाठ्यक्रम केवल कुनै कक्षा वा तहमा के-कस्ता विषयवस्तु पढाउने भन्ने विषयसँग मात्र सम्बन्धित हुँदैन; यसले विद्यार्थीमा विकास गरिनुपर्ने क्षमता, सिकाइको उद्देश्य, सिकाइका लागि प्रयोग गरिने गतिविधि साथै मूल्याङ्कनका माध्यमबाट सिकाइको सुनिश्चितता कसरी गरिने भन्ने कुरासमेत समेट्छ।

पाठ्यक्रमको प्रमुख उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकास, सभ्यता र संस्कृतिको हस्तान्तरण तथा विकास र शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्न सहयोग पुऱ्याउने कार्यहरू पर्दछन् ।

मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा भएका ज्ञान, सिप तथा प्रविधिको विकासलाई ध्यानमा राखी पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाको रूपमा लिन आवश्यक छ।

पाठ्यक्रम कार्यान्वयनका लागि पहिलो र प्रमुख शैक्षिक सामग्रीको रूपमा **पाठ्यपुस्तक**लाई लिइन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिँदै आएको छ। सूचना तथा सञ्चार प्रविधिको विकास पूर्ण रूपमा नपुगेको हाम्रो सन्दर्भमा पाठ्यपुस्तक विद्यार्थीहरूको प्रमुख सिकाइ साधनका रूपमा प्रयोग भइरहेको छ, जसले पाठ्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ।

### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा प्रणालीअन्तर्गत विद्यालय तहको पाठ्यक्रमलाई पहिलोपटक वि.सं. २०२८ मा दस्तावेजीकृत गरिएको थियो। त्यसै क्रममा पाठ्यक्रम विकासका लागि शिक्षा मन्त्रालयअन्तर्गत **पाठ्यक्रम विकास केन्द्र**को स्थापना गरिएको हो। सो केन्द्रको निरन्तर प्रयाससँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिकको प्रक्रिया अघि बढाइएको छ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६** तयार भएपछि वि.सं. २०७७ देखि कक्षा १ र ११ मा यसको कार्यान्वयन सुरु भएको थियो। त्यसपछि क्रमशः २०७८ देखि कक्षा २, ३, ६ र १२ मा र अन्ततः वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षामा उक्त पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयनमा आइसकेको छ।

छत्रेश्वरी गाउँपालिकामा कक्षा १ देखि ८ सम्मका लागि **स्थानीय पाठ्यक्रम "हाम्रो छत्रेश्वरी"** निर्माण भइसकेको छ तर त्यसका लागि पाठ्यपुस्तक निर्माण कार्य अझै बाँकी रहेको छ।

नेपाल सरकारले हालसम्म कक्षा १ देखि १० सम्मका सबै विषयको तथा कक्षा ११ र १२ का अनिवार्य विषयहरूको **नि:शुल्क पाठ्यपुस्तक** उपलब्ध गराउँदै आएको छ। साथै विभिन्न विषयका लागि **शिक्षक निर्देशिका** पनि तयार पारिएको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १ देखि ३ सम्मका विषयवस्तुहरूलाई **अन्तरसम्बन्धित विषयवस्तुहरू एकीकृत** गरी प्रस्तुत गरिएको छ।

विभिन्न भाषिक समुदायका बालबालिकाका लागि हालसम्म कक्षा १ देखि ५ सम्म **२७ ओटा मातृभाषामा पाठ्यपुस्तकहरू** कार्यान्वयनमा ल्याइएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीहरूलाई आधारभूत तह कक्षा (४-८) मा **३६ अङ्क र माध्यमिक तह कक्षा (९-१२) मा २५ अङ्क बराबरको प्रयोगात्मक कार्य, परियोजना कार्य** जस्ता व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ।

परिवर्तित पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा (४-८) मा आन्तरिक मूल्याङ्कनतर्फ:

- परियोजना कार्य: ३६ अङ्क
- विद्यार्थी उपस्थिति तथा कक्षा कार्य: ४ अङ्क
- आवधिक परीक्षा: १० अङ्क

परिवर्तित पाठ्यक्रमअनुसार माध्यमिक तह कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनतर्फ:

- परियोजना कार्य: १६ अङ्क
- विद्यार्थी उपस्थिति तथा कक्षा कार्य: ३ अङ्क
- आवधिक परीक्षा: ६ अङ्क

यसरी आधारभूत तह कक्षा (४-८) मा आन्तरिक मूल्याङ्कनतर्फ जम्मा **५० अङ्कभार**, र बाह्य मूल्याङ्कनबाट थप **५० अङ्कभार** गरी **१०० पूर्णाङ्क**मा मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ। माध्यमिक तह कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनतर्फ जम्मा **२५ अङ्कभार** र बाह्य मूल्याङ्कनबाट **७५ अङ्कभार** गरी जम्मा **१०० अङ्क**मा मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ।

कक्षा १ देखि ३ सम्ममा **एकीकृत पाठ्यक्रम अन्तर्गत निरन्तर मूल्याङ्कन प्रणाली** लागू गरिएको छ। छत्रेश्वरी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको भए पनि पाठ्यपुस्तक निर्माण गर्न बाँकी रहेको छ। शिक्षकहरूको **पेसागत विकास**का लागि निश्चित अवधिमा तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। साथै सबै कक्षामा **अक्षराङ्कन प्रणाली** लागू गरिएको छ।

### पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र कार्यान्वयनको अवस्था

- पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएका पाठ्यक्रमका सफ्टकपीहरू केन्द्रको वेबसाइटमा उपलब्ध छन्, तर हार्डकपी धेरै विद्यालयमा पुग्न सकेको छैन ।
- कतिपय विद्यालयमा पाठ्यक्रम उपलब्ध भए पनि एकदुई प्रति मात्र छन्, जसले गर्दा प्रत्येक शिक्षकको पहुँचमा पुग्न सकेको छैन ।
- इन्टरनेट पहुँच अभावका कारण वेबसाइटबाट पाठ्यक्रम डाउनलोड गर्न नसकिने अवस्था पनि छ ।
- स्थानीय पाठ्यक्रम तयार पारिएको छ र सबै विद्यालयमा वितरण गरिएको छ ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक भने अझै निर्माणको प्रक्रियामा छन् ।
- अन्य पाठ्यपुस्तकहरू भने सहजै विद्यालयमा उपलब्ध हुने गरेका छन् ।
- शिक्षणमा पाठ्यक्रमको तुलनामा पाठ्यपुस्तकको प्रयोग बढी देखिन्छ ।

### पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयत्नहरू

- पाठ्यक्रम प्रवोधिकरण (orientation) तालिम सञ्चालन गरिएको छ ।
- यद्यपि, केही शिक्षकहरूले अझै तालिम लिन बाँकी रहेको अवस्था छ ।

### पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका चुनौती तथा अवसरहरू

- सबै शिक्षकहरूका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्नु,
- तहगत र विषयगत शिक्षक दरबन्दीको सृजना गर्नु,
- पाठ्ययोजना सहितको शिक्षण अभ्यासलाई संस्थागत गर्नु,
- आन्तरिक मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउनु,
- शिक्षक तथा कर्मचारीलाई पेसाप्रति जिम्मेवार र सन्तुष्ट बनाउने उपायहरू अवलम्बन गर्नु,
- स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक निर्माण गर्नु र
- पालिका तहमा एकरूपता मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्न सफ्टवेयर विकास गर्नु ।

### विद्यार्थी मूल्याङ्कन प्रक्रिया

- पाठ्यक्रमअनुसार आन्तरिक मूल्याङ्कन हुन नसक्नु,
- मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्न नसक्नु,
- परीक्षा प्रणालीमा एकरूपता कायम हुन नसक्नु,
- नतिजाको विश्लेषण नगरिनु,
- विशिष्टिकरण तालिका (blueprint) अनुसार प्रश्नपत्र नबनाउनु र

- शिक्षणका क्रममा विभिन्न स्तरका प्रश्नहरूको अभ्यास नगरिनु ।

## स्थानीय तहले गरेका असल अभ्यासहरू

- शिक्षासम्बन्धी विभिन्न ऐन, नियमावली र कार्यविधिहरू तयार गरिएको छ ।
- शिक्षक दरबन्दी मिलानसम्बन्धी कार्यविधि तयार गरी कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।
- SEE तयारी कक्षा सञ्चालनका लागि विद्यालयहरूलाई अनुदान प्रदान गरिएको छ ।
- आधारभूत तह (कक्षा ८) को परीक्षा मर्यादित र व्यवस्थित गर्न पहल गरिएको छ ।
- माध्यमिक तह (कक्षा ११–१२) मा प्राविधिक धारतर्फ अध्ययन गर्ने केही विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- इन्टरनेट पहुँच भएका विद्यालयहरूमा ई-हाजिरी प्रणाली कार्यान्वयन गरिएको छ ।
- खेलकुद क्षमताविकासका लागि मार्सल आर्ट प्रशिक्षकको व्यवस्था गरिएको छ र
- स्थानीय पाठ्यक्रम तयार गर्दा कक्षागत रूपमा थिम-एकाइ निर्माण गरी रैथाने ज्ञान, सिप समेटी **हरित विद्यालय** अवधारणा अन्तर्गत पोषण बगैँचा निर्माणको नीतिगत व्यवस्था गरिएको छ ।

## प्रमुख चुनौतीहरू

- विषयगत शिक्षकहरूको व्यवस्था गर्नु,
- स्थानीय पाठ्यक्रम र सामग्री विकासका लागि जनशक्ति तथा सिपको विकास गर्नु,
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रमसम्बन्धी अभिमुखिकरण गर्नु,
- माध्यमिक तह (११–१२) मा ऐच्छिक विषयका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउनु,
- शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु,
- निरन्तर विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्नु र
- रैथाने ज्ञान र सिपलाई परियोजना कार्यमार्फत विद्यालय तहमा समावेश गर्नु ।

### ४.१.२ उद्देश्यहरू

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउनु,
- स्थानीय तथा विश्वपरिवेशअनुसार शिक्षणद्वारा विद्यार्थीमा आवश्यक ज्ञान, सिप र व्यवहार विकास गर्नु,

- सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्नु,
- मौलिकता झल्कने स्थानीय पाठ्यक्रम तथा सामग्री निर्माण गर्नु,
- शैक्षिक सामग्रीको विकास, प्रयोग र व्यवस्थापनमा सुधार गर्नु र
- मूल्याङ्कनका विविध साधन (रुजु सूची, सञ्चित अभिलेख, परियोजना कार्य, व्यवहार प्रदर्शन) को प्रयोग गर्नु ।

### ४.१.३ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने,
- सम्बन्धित शिक्षक तथा सरोकारवालालाई पाठ्यक्रम र सामग्रीको प्रवोधीकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि संरचनात्मक र पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- विपद्, महामारी वा अन्य सङ्कटकालीन अवस्थामा वैकल्पिक शिक्षण विधिको प्रयोग गर्ने,
- शिक्षकका लागि निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्ने,
- शिक्षकको पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या समाधानउन्मुख शिक्षण विधिको प्रवर्द्धन गर्ने,
- विद्यालयमा आधारित सहयोग पद्धतिको विकास गर्ने,
- सहपाठी सिकाइ समूहमार्फत कमजोर विद्यार्थीलाई सहयोग गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग अभिवृद्धि गर्ने,
- सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग जोड्दै कार्यान्वयन गर्ने,
- परीक्षा प्रणालीलाई मर्यादित र व्यवस्थित बनाउने,
- मूल्याङ्कनको विश्लेषण गरी त्यसका आधारमा शिक्षणमा सुधार गर्ने,
- निरन्तर मूल्याङ्कनलाई शिक्षणको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने र
- प्रयोगात्मक/परियोजना कार्यमार्फत विद्यार्थी सहभागिता बढाउने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरू:**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका माध्यमबाट दैनिक जीवनोपयोगी आधारभूत सिप, सृजनशीलता, सकारात्मक सोच, निरन्तर सिकाइमा प्रतिबद्धता, र रोजगारउन्मुख क्षमता भएका नागरिक उत्पादन हुने।
- स्थानीय पाठ्यक्रम स्थानीय विज्ञ तथा सरोकारवालाको सहभागितामा निर्माण भई प्रभावकारी रूपमा कार्यान्वयन हुने र
- स्थानीय ज्ञान, सिप र प्रविधिको राष्ट्रियकरण भई स्थानीयताको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने।

**प्रमुख नतिजाहरू:**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा सुनिश्चित हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रियाका लागि आवश्यक पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइ प्रक्रियाले दैनिक जीवनसँग सम्बन्धित सिप, व्यवहार र ज्ञान विकासमा टेवा पुऱ्याउने,
- शिक्षणसिकाइ स्थानीय र आधुनिक सन्दर्भसङ्गत भई ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण हुने,
- सिकाइ समस्याहरूको समाधान उन्मुख निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आउने र
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण तथा कार्यान्वयन सुनिश्चित हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | | | ३८ | ३८ | ३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्थानीय पाठ्यपुस्तक निर्माण भएका कक्षा सङ्ख्या | | | ० | ५ | ८ |
| ३ | पाठ्यपुस्तक समयमै उपलब्ध भएका विद्यालयहरूको प्रतिशत | | | १०० | १०० | १०० |
| ४ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | १४ | ३० | ३० |
| ५ | आन्तरिक मूल्याङ्क र निरन्तर मुल्याङ्कन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | ३८ | ३८ | ३८ |
| ६ | पढाइमेला तथा शैक्षिक समाग्री प्रदर्शनी | | | ० | १ | २ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह,शिविस इकाई | १ |
| २ | शिक्षक पेसागत विकास तालिम | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | स्थानीय तह,मानव संशाधन केन्द्र | २ |
| ३ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह,मानव संशाधन केन्द्र | ३ |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय | ४ |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | विद्यालय | ५ |
| ६ | डिजिटल सामाग्रीको प्रयोग सहयोग | वटा | ६ | ७ | १० | ९ | ८ | ४० | | ६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सूचना प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय | ७ |
| ८ | निशुल्क पाठ्यपुस्तक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानिय तह, संघ | ८ |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा परिमार्जन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानिय तह | ९ |
| १० | विद्यालयमा शिक्षण सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलव्धता, अभिमुखिकरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | | संघ स्थानिय तह, विद्यालय | १० |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह विद्यालय | ११ |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा इयाले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सवै विद्यालयका कक्षा १ देखि ३ | ४० | ४० | ४० | ४० | ४० | १२० | | १२ |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानीय तह | १३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | | स्थानीय तह र विद्यालय | १४ |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय | १५ |
| १६ | स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखन | पटक | | | ० | १ | १ | २ | | |
| १७ | शैक्षिक सामाग्री प्रदर्शनी | पटक | | | ० | १ | १ | २ | | |
| १८ | शिक्षक बिद्यार्थी द्धारा निर्मित बिज्ञान शैक्षिक सामाग्री प्रदर्शनी | पटक | | | ० | १ | १ | २ | | |
| १९ | सामुदायीक विद्यालयमा भएका असल अभ्यास अनुभव आदान प्रदान | पटक | | | ० | १ | १ | २ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुनु अत्यावश्यक हुन्छ । शिक्षकमा पर्याप्त विषयवस्तु ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको दक्षता तथा अनुकरणीय व्यक्तित्व रहनुले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहमा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको

व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

आधारभूत तह (१-५) मा विद्यार्थी सङ्ख्याका आधारमा र आधारभूत तह (६-८) तथा माध्यमिक तहमा विषयगत आधारमा शिक्षकको दरबन्दी तोकिएको छ । पहाडी जिल्लाको शिक्षक विद्यार्थी अनुपात १:४५ को मापदण्ड कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावली अनुसार आधारभूत तहमा कम्तिमा ७ जना र माध्यमिक तहमा १२ जना शिक्षकको दरबन्दी अनिवार्य हुनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

नेपालमा विगतदेखि हालसम्मका विभिन्न शिक्षा योजना, परियोजना र कार्यक्रमहरूले कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धिमा जोड दिएका छन् । विद्यालय शिक्षालाई विद्यार्थीकेन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी सिकाइ सहज बनाउने तथा बालमैत्री वातावरण सिर्जना गर्ने प्रयासहरू भएका छन् । विद्यालय क्षेत्र विकास योजना अन्तर्गत विद्यार्थीकेन्द्रित शिक्षण अभ्यासका लागि शिक्षक क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका थिए । ती कार्यक्रमहरूमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिका मागमा आधारित तालिमहरू सञ्चालन गरेर शिक्षण क्रियाकलापमा सुधार ल्याउने प्रयास गरिएको थियो ।

पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट कक्षाकोठाको शिक्षणमा गुणात्मक सुधार सम्भव हुन्छ । त्यसका लागि शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरू उपलब्ध गराइनु पर्छ । शिक्षक विकासका उपायहरूमा तालिम, कार्यशाला, सेमिनार, सम्मेलन, क्रियाशील अनुसन्धान, सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरीङ, कोचिङ आदि समावेश छन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नेतर्फ जोड दिइएको छ । शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा विद्यालय सहायकहरुलाई विद्यालयको लेखा, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनसम्बन्धी तालिम, शिक्षकको पेसागत विकासका विभिन्न मोडालिटीका तालिमहरू आवश्यक ठानिएको छ ।

कक्षाकोठाको सिकाइलाई गुणस्तरीय बनाउन शिक्षक सहयोग प्रणालीलाई सुदृढ गर्न, पेसागत विकासलाई संस्थागत गर्न र विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउन यस योजनामा विशेष प्राथमिकता दिइएको छ ।

यस खण्डमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषण, चुनौतीहरूको पहिचान, उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित नतिजा तथा प्रमुख क्रियाकलापहरू समावेश गरिनेछ ।

### ४.२.१ वर्तमान अवस्था

हाल नेपालको सन्दर्भमा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालय र विभिन्न शिक्षक शिक्षा प्रदान गर्ने संस्थाहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र (लाइसेन्स) प्राप्त गर्नका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा पदपूर्तिको लागि प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गर्ने, तथा बढुवा सम्बन्धी कार्यहरू शिक्षक सेवा आयोगले गरिरहेको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूको नियुक्ति तथा पदस्थापनको कार्य भने स्थानीय तहले गर्ने व्यवस्था छ ।

त्यस्तै, अस्थायी वा करार सेवामा शिक्षक नियुक्ति गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने लगायतका कार्यहरू पनि स्थानीय तहबाटै सञ्चालन भइरहेको छ । शिक्षकको पेसागत विकासका लागि नीतिनिर्माण गर्ने कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा गरिन्छ । त्यस्तै, प्रमाणिकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार पार्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएको छ । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने जिम्मेवारी प्रदेश शिक्षा तालिम केन्द्रहरूको हो ।

छत्रेश्वरी गाउँपालिकाको सन्दर्भमा हाल शिक्षक–विद्यार्थी अनुपात १:१८ रहेको छ भने राष्ट्रिय औसत १:२४ छ । गाउँपालिकाभित्रको शिक्षक स्थिति निम्नानुसार छ:

- **बाल विकास केन्द्र**: ४१ जना शिक्षक
- **आधारभुत तह कक्षा (१-५)**:
    - दरबन्दी: १०६ जना
    - राहत: २० जना
    - निजी स्रोत: २ जना
- **आधारभुत तह कक्षा (६-८**:
    - दरबन्दी: १५ जना
    - राहत: ११ जना
    - निजी स्रोत: २ जना
- **माध्यमिक तह कक्षा (९-१०)**:
    - दरबन्दी: १२ जना
    - राहत: १० जना
    - निजी स्रोत: १ जना

- **कक्षा ११–१२**: ६ जना संघीय अनुदान र ३ जना निजी स्रोतमा कार्यरत

विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको निरन्तर पेसागत विकास र दक्षता अभिवृद्धिका लागि विभिन्न संघसंस्था, मानव स्रोत तथा संसाधन केन्द्र, प्रदेश सरकार र स्थानीय सरकारबाट विविध क्षमता विकास कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

शिक्षक तथा विद्यालय कर्मचारीहरूका लागि सूचना प्रविधि, लेखा व्यवस्थापन, सार्वजनिक खरिद प्रणाली, र जिन्सी व्यवस्थापनजस्ता विषयमा थप क्षमता विकासको आवश्यकता महसुस गरिएको छ । सोही अनुसार, मानव स्रोत विकास केन्द्र सानोठिमी (भक्तपुर) तथा मानव संसाधन विकास केन्द्र सुर्खेतबाट आधारभूत र माध्यमिक तहका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई तालिम प्रदान गर्दै आएको छ ।

### चुनौतीहरू

- पालिकामा कार्यरत सबै शिक्षकहरूलाई TPD (Teacher Professional Development) तालिमको मूलधारमा ल्याउन,
- शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाई, तालिममा सिकिएका ज्ञान र सिपहरू कक्षाकोठामा प्रयोग गर्न प्रेरित गर्न,
- शिक्षक दरबन्दी मिलानको कार्यलाई पूर्णता दिनु,
- शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नु र
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु ।

### ४.२.२ उद्देश्यहरू

- सबै तहमा तालिमप्राप्त, सक्षम, प्रतिबद्ध, अभिप्रेरित र योग्य शिक्षकहरूको व्यवस्थापन गर्नु,
- आधारभूत तह कक्षा (१–५) मा विद्यार्थी सङ्ख्या र भौगोलिक आधारमा, आधारभूत तह कक्षा (६-८) र माध्यमिक तह कक्षा (९–१२) मा विषयगत आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
- शिक्षक कार्यसम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन र दण्डको व्यवस्था गर्नु,
- शिक्षक छनोट र नियुक्तिलाई प्रतिस्पर्धी, पारदर्शी र व्यवस्थित बनाउनु,
- सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु र
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीतिहरू

- तहगत, क्षेत्रगत तथा विषयगत आधारमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण र आवश्यक परे थप दरबन्दीको व्यवस्था गरिने,
- शिक्षक पेसागत सहयोगका लागि स्थानीय तहले मापदण्ड तथा कार्यविधि तयार गर्ने । यस अन्तर्गत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकहरूको माध्यमबाट *मेन्टोरिङ प्रणाली* विकास गरी कार्यान्वयन गरिने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार ल्याइने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकास विद्यार्थीको सिकाइ नतिजासँग सम्बन्धित बनाई जवाफदेही प्रणाली विकास गरिने,
- पालिकाले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षक तथा कर्मचारीसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाइने,
- शिक्षकलाई आफ्नो पेसाप्रति थप उत्तरदायी बनाउन प्रोत्साहन र दण्ड (reward and punishment) को व्यवस्था गरिने र
- वार्षिक रूपमा शिक्षक तथा कर्मचारीहरूबाट स्वमूल्याङ्कन गर्ने प्रणालीको विकास गरिने ।

### ४.२.४ प्रमुख उपलब्धिहरू तथा अपेक्षित नतिजाहरू

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्थामार्फत विद्यार्थीको सिकाइ परिणाममा गुणात्मक सुधार हुने,
- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षक तयारी, छनोट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरुमा विषयगत तथा शिक्षण सिपसम्बन्धी सक्षमता विकास गरिने,
- शिक्षण पेसा प्रतिस्पर्धी, प्रतिष्ठित र सम्मानित पेसाको रूपमा स्थापित हुने,
- पेसागत विकाससम्बन्धी नीतिहरू सुदृढ भई कार्यान्वयनमा आउने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण पद्धति र कार्यसम्पादनमा उल्लेखनीय सुधार आउने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण हुने,
- शिक्षकको नियमित आपूर्ति सुनिश्चित हुने,
- शिक्षक वृत्तिविकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ र जवाफदेही हुने र

- शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई अभिभावक शिक्षा, तालिम तथा अवलोकन भ्रमणका अवसरहरू प्रदान गरिने।

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target)

#### प्रमुख क्रियाकलापहरू र लक्ष्यहरू

- शिक्षकको नियुक्ति र सरुवा प्रक्रिया व्यवस्थापन गर्नु,
- अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका तयार पार्नु,
- अपाङ्गता भएका व्यक्ति र महिला व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि गर्नु,
- नियमित शिक्षण–सिकाइ सुनिश्चित गर्न मापदण्ड विकास गर्नु,
- कमजोर विद्यार्थीहरूका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्नु,
- उपचारात्मक शिक्षण पद्धति लागू गर्नु,
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्थाको प्रबन्ध गर्नु,
- पुस्तकालय र पुस्तक कुना स्थापना तथा सञ्चालन गर्नु,
- सूचना प्रविधि प्रयोगशालाको व्यवस्था गर्नु,
- विज्ञान प्रयोगशालाको सञ्चालन गर्नु,
- प्राविधिक–व्यावसायिक शिक्षा सञ्चालन हुने विद्यालयहरूमा प्रयोगशालाको प्रभावकारी व्यवस्थापन गर्नु,
- शिक्षण तथा सिकाइ सामग्रीहरूको विकास गर्नु,
- ईन्टरनेट सेवा उपलब्ध गराउने व्यवस्था गर्नु,
- शिक्षण–सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था गर्नु,
- परीक्षा परिणामको विश्लेषण गर्नु,
- शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि गर्नु,
- विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास गर्नु,
- शिक्षक पेसागत सहयोगको सुनिश्चितता गर्नु,
- सफल तथा असल अभ्यासको अवलोकन भ्रमण गर्नु,
- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण गर्नु,
- विज्ञ समूहहरूको गठन गर्नु,

- सहपाठी कक्षा अवलोकन कार्यक्रम सञ्चालन गर्नु,
- छोटो अवधिको शिक्षक तालिम सञ्चालन गर्नु,
- विद्यालय तहमा शिक्षकको पेसागत विकास गर्नु,
- कार्यसम्पादन मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु,
- प्रधानाध्यापकको व्यवस्थापन गर्नु र
- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको व्यवस्था गर्नु ।

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | | | ० | १ | १ | २ | स्थानिय विद्यालय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन | जना | | | ० | १० | १० | २० | स्थानिय विद्यालय |
| ३ | शिक्षक/ कर्मचारीको स्वास्थ्य विमा अनिवार्य गर्ने । | जना | | | सबै | सबै | सबै | | संघ, प्रदेश र स्थानिय |
| ४ | अस्थायी तथा विद्यालय श्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने । | पटक | | | ० | ० | १ | १ | स्थानिय |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा संचालन गर्ने र उपचारात्मक शिक्षण पद्दती लागु गर्न शिक्षकलाइ परिचालन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय र स्थानीय तह |
| ६ | प्रत्येक आधारभूत (१-८) विद्यालयमा पुस्तकालय कुनाको प्रवन्ध गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानीय |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| ७ | सवै सामुदायिक आधारभूत विद्यालयका प्रारम्भिक कक्षामा पुस्तक कुनाको व्यवस्था गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानीय |
| ८ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT ल्याव/ विज्ञान प्रयोगशाला बनाउने | संख्या | | | ३ | ३ | ३ | ९ | संघ, स्थानिय |
| ९ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परिक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | | | १ | १ | १ | ३ | स्थानिय विद्यालय |
| १० | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ प्रदेश र स्थानीय तह |
| ११ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागिविज्ञ समुह परिचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, स्थानिय तह |
| १२ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम संचालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | जना | सवै | सवै | सवै | सवै | सवै | | संघ, स्थानिय तह |
| १३ | विद्यालय, कलष्टर तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका | पटक | | | ६ | ६ | ६ | १८ | स्थानीय तह तथा विद्यालय |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| | शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक संचालन गर्ने | | | | | | | | |
| १४ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम संचालन गर्ने | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश र स्थानिय तह |
| १५ | शिक्षिक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | | | ० | १ | १ | २ | संघ स्थानीय तह |
| १६ | विद्यालयलाइ शिक्षण सिकाइ अनुदान सहयोग | पटक | | | १ | १ | १ | ३ | संघ प्रदेश र स्थानीय तह |
| १७ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धीमा सुधार ल्याउने | पटक | | | १ | १ | १ | ३ | स्थानिय तह विद्यालय |
| १८ | शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको ब्यवस्था | पटक | | | १ | १ | १ | ३ | संघ प्रदेश र स्थानीय तह |
| १९ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको ब्यवस्था | पटक | | | १ | १ | १ | ३ | संघ प्रदेश र स्थानीय तह |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| २० | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको ब्यवस्था | पटक | | | १ | १ | १ | ३ | स्थानीय तह |
| २१ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको ब्यवस्था | | | | १ | १ | १ | ३ | संघ प्रदेश र स्थानीय तह |
| २२ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगकालागि तालिमको ब्यवस्था | पटक | | | १ | १ | १ | ३ | संघ प्रदेश र स्थानीय तह |
| २३ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सवै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ प्रदेश र स्थानीय तह |
| २४ | **शिक्षक पेसागत सहयोग सम्वन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकासगर्ने (जस्तै)** प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन विज्ञ समूह गठन र परिचालन शिक्षक सिकाइ समूह गठन र परिचालन वैकल्पिक विधिको प्रयोग | सवै विद्यालय र पालिकामा/ पटक | | | १ | १ | १ | ३ | स्थानीय तह विद्यालय |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| २५ | **शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने**<br>शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने<br>प्राविधिक सहयोगकर्ताका लागि तालिमको ब्यवस्था गर्ने<br>प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको ब्यवस्था गर्ने<br>पृष्ठपोषण/सुझाव तथा सहयोगका लागि कोचिङको ब्यवस्था गर्ने<br>शिक्षकहरुको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको ब्यवस्था गर्ने<br>दिगो र प्रभावकारी रुपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने प्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | सवै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.३ शिक्षामा समता तथा समावेशीकरण

नेपाल विविधतामा एकता भएको देश हो। यस देशको भौगोलिक, सामाजिक र सांस्कृतिक विविधता नै नेपालको सुन्दरता र पहिचानको आधार हो। यद्यपि विविधताभित्र एकता भए तापनि समता र समानता हुन नसक्दा भौगोलिक, जातिगत र सामाजिक रूपमा पछि परेका समुदायहरू अझै पनि राज्यको मूलधारमा पूर्ण रूपमा समावेश हुन सकेका छैनन्। सबै क्षेत्रलाई समेटेर समतामूलक समाज निर्माणका लागि भौगोलिक, क्षेत्रगत, आर्थिक र लैङ्गिक भिन्नतालाई सम्बोधन गर्दै सबैलाई शैक्षिक पहुँचमा ल्याउनु अत्यावश्यक छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई प्रत्येक नागरिकको मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ। यसले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने व्यवस्था गरेको छ। साथै अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकहरूले कानुनबमोजिम नि:शुल्क शिक्षा प्राप्त गर्ने हकको व्यवस्था गरेको छ। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनी रूपमा आफ्नै मातृभाषामा शिक्षा पाउने हक संविधानले दिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशीकरण अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक, सामाजिक रूपमा पिछडिएका समुदायलाई छात्रवृत्ति प्रदान गर्ने र नेपाल सरकारले तोकेको शैक्षिक संस्थाहरूबाट नि:शुल्क विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राविधिक र व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

त्यस्तै विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयन भई बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोगसहित शैक्षिक अवसर प्रदान गरिएको छ। यसले सबै बालबालिकालाई समान शैक्षिक अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

### ४.३.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा अध्ययनरत कुल ५,११८ जना विद्यार्थीहरूमध्ये २,४८५ जना छात्र र २,६३३ जना छात्रा रहेका छन्। जातिगत विश्लेषण अनुसार ब्राह्मण/क्षेत्री २,८०८ जना, दलित १,११५ जना, जनजाति ८५६ जना र अन्य समुदायका ३३९ जना विद्यार्थीहरू छन्। सबैको मातृभाषा नेपाली हो।

शैक्षिक सत्र २०८१ को तथ्यांक अनुसार ६ जना बालबालिकामा अपाङ्गता रहेको पाइएको छ। त्यस्तै, सामुदायिक विद्यालयहरूमा कार्यरत ३१७ जना शिक्षकहरू कार्यरत छन् भने संस्थागत विद्यालयहरूमा कार्यरत ४० जना शिक्षकहरू कार्यरत छन्।

सामुदायिक विद्यालयहरूमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउने, कक्षाकोठाको शिक्षणसिकाइ वातावरण सुधार गर्ने र समता तथा समावेशीकरण नीति अवलम्बन गर्ने प्रयासहरू भइरहेका छन्। सुनाइ र स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता अनुसार त्रिभुवन जनता माध्यमिक विद्यालय, छत्रेश्वरी–६, भोटेचौरमा स्रोत कक्षा सञ्चालन गरिएको छ, जहाँ शैक्षिक सत्र २०८१ मा १३ जना बालबालिका अध्ययनरत छन्।

गाउँपालिकाले छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोगजस्ता समता लक्षित कार्यक्रमहरू सञ्चालन गरी सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन प्रयास गरिरहेको छ। यद्यपि हालसम्म ८० जना बालबालिका विद्यालय बाहिर रहेका छन्।

### चुनौतीहरू

- अपाङ्गता भएका र सामाजिक, भौगोलिक रूपमा पछाडि परेका विकट समुदायका बालबालिकाहरूको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु,
- परिवार, समुदाय र विद्यालयबाट बालबालिकाहरूलाई उपयुक्त सहयोग र संरक्षणको वातावरण निर्माण गर्नु,
- अपाङ्गताको प्रकृतिअनुरूप बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न विशेष कक्षा तथा विद्यालय स्थापना गर्नु र स्थापित कक्षा तथा विद्यालयहरूको प्रभावकारी सञ्चालन गर्नु,
- आवश्यकता र कठिनाइअनुसार शैक्षिक सामग्रीको व्यवस्थित व्यवस्थापन गरी प्रयोगमार्फत सिकाइमा सुधार ल्याउनु र
- शैक्षिक समता र समावेशीकरणका विषयमा सबै शिक्षकहरूको दक्षता र क्षमता अभिवृद्धि गर्नु।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकालाई समावेशी र समतामूलक रुपमा शिक्षामा पहुँच विस्तार गर्नु,

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउनु र

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार तथा हेपाइ नहुने सुनिश्चितता गर्नु।

### ४.३.३ रणनीतिहरू

१. विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरण विकास गरी लक्षित समूहका सबै बालबालिकालाई शिक्षा उपलब्ध गराउने,
२. सेवा क्षेत्रभित्र घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकताहरू पहिचान गरी पहुँच र सहभागिताको प्रभावकारी व्यवस्था मिलाउने,
३. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र शिक्षा प्रदान गर्ने,
४. किशोरीहरूलाई लक्षित गरी महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा सञ्चालन गर्ने,
५. अपाङ्गताको प्रारम्भिक पहिचान गरी विभिन्न प्रकारका अपाङ्गताका आवश्यकतालाई मध्यनजर गर्दै विशेष कार्यक्रम, स्रोत कक्षा र विशेष विद्यालयको व्यवस्था गर्ने,
६. आर्थिक रूपमा विपन्न, सुविधाविहीन, कठिन परिस्थिति तथा अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति व्यवस्था गरी विद्यालय सहभागिता सुनिश्चित गर्ने,
७. स्थानीय पाठ्यक्रममा भूगोल, वातावरण, इतिहास, मूल्यमान्यता, पेसा-व्यवसाय र प्रविधि तथा पर्यटन जस्ता विषयहरू समावेश गरी सिकाइलाई जीवनोपयोगी बनाउन जोड दिने,
८. बालमैत्री र विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी गुणस्तरीय, व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने र
९. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउँदै विद्यार्थीका आवश्यकताहरू सम्बोधन गर्ने गरी विविधता कायम राख्ने र विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्कार तथा हेपाइ नहुने बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

१. लक्षित समूहका बालबालिकालाई समतामूलक रुपमा शिक्षामा पहुँच सुनिश्चित गरी सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हासिल हुनेछ ।

| क्र.सं. | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन | | | १ | २ | ३ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | | १.०६ | १.०५ | १.०४ |

| क्र.सं. | सूचक | २०७९ | २०८० | आधार वर्ष २०८१ | २०८२ | २०८३ |
|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तहमा विद्यालय विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | १३ | १० | ८ |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | १.०७ | १.०६ | १.०५ |
| ६ | लैङ्गिकमैत्री र अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | | | ० | ० | १ |
| ७ | लैङ्गिकमैत्री फोकल व्यक्ति भएको विद्यालय सङ्ख्या | | | ० | ० | २ |
| ८ | छात्रवृत्ति तथा अन्य सुविधा प्राप्त गर्ने लक्षित समूहका विद्यार्थी सङ्ख्या | | | ९३५ | ९४० | ९४५ |
| ९ | गुनासो सुनुवाई संयन्त्र भएका विद्यालय सङ्ख्या | | | १४ | ३० | ४० |
| १० | विशेष सुविधासहित स्रोत कक्षा सञ्चालित विद्यालय सङ्ख्या | | | १ | १ | १ |
| ११ | समावेशी शिक्षा सम्बन्धी तालिम प्राप्त शिक्षक सङ्ख्या | | | २ | ४ | ६ |
| १२ | कठिन परिस्थिका बालबालिकाका लागि आवश्यक प्रवन्ध र सहयोग गर्ने विद्यालय सङ्ख्या | | | १ | ३ | ६ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target)

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १ | विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचमा ल्याउने | जना | | | १० | ५ | ५ | २० | |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गर्ने | पटक | | | १ | १ | १ | ४ | |
| ३ | बालबालिकाको अपाङ्गता सम्बन्धी प्रारम्भिक परीक्षण गरी अपाङ्गताका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध ता पद्धति तर्जुमा गरी कार्यान्वयन गर्ने | पटक | | | १ | १ | १ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षामा समता र समावेशीकणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघसंस्था बिच जवाफदेहिता सहितको कार्यगत समन्वय गर्ने | पटक | | | १ | १ | १ | ३ | |
| ५ | सबै विद्यालयमा गुनासो सुनुवाई संयन्त्र स्थापना गर्ने | | | | | | | | |
| ६ | लक्षित विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण गर्ने | | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार कार्यगत सीमितता/अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | शिक्षक पेसागत विकास तालिम प्रापत गर्ने शिक्षकहरुका लागि समावेशी शिक्षा सम्बन्धी तालिम अनिवार्य गर्ने । | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम (छत्रेश्वरी गाउँपालिकाको विवरण)

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य र पोषणको अवस्था प्रत्यक्ष सम्बन्धित हुन्छ । राम्रो स्वास्थ्य र पोषणले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकासलाई सुदृढ पार्दै सिकाइ उपलब्धिमा सुधार ल्याउन मद्दत गर्छ । तर नेपालसहित दक्षिण एसियामा अझै पनि सिघ्र कुपोषण बालबालिकाको मृत्युको प्रमुख कारण बनेको छ ।

सरसफाइको कमी, सन्तुलित आहारको अभाव र पोषणयुक्त खानाको कमीका कारण बालबालिकामा विभिन्न रोगहरू देखा पर्नुका साथै विद्यालयमा नियमित उपस्थितिमा कमी आउँछ, जसले सिकाइमा नकारात्मक प्रभाव पार्छ । यससँगै मानसिक स्वास्थ्यसम्बन्धी समस्या पनि देखिन थालेका छन् ।

पोषणसँगै सरसफाइ र स्वच्छता बालबालिकाको सिकाइमा अत्यन्त महत्वपूर्ण छन् । व्यक्तिगत, घरायसी, विद्यालय र वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा योगदान पुर्याउँछ । विद्यालयमा दिवा खाजा, स्वच्छ पिउने पानी, महिनावारी स्वच्छता व्यवस्थापन, स्वास्थ्य जाँच र खोप कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि महिनावारी

स्वच्छता व्यवस्थापन र निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालनमा छन् । केही विद्यालयमा इन्सिनिरेटरको व्यवस्था र प्रयोगले सरसफाइमा सहयोग पुऱ्याएको छ ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम (सन २०१६–२०२३), बालमैत्री विद्यालय फ्रेमवर्क लगायत नीति तथा पूर्ण सरसफाई निर्देशिकाले विद्यालयमा पिउनेपानी, सरसफाइ र पोषणबारे स्पष्ट दिशानिर्देशन गरेका छन् ।

विद्यालयहरूमा छात्रछात्राका लागि युरिनल सहित फरक-फरक शौचालय, नियमित पानी, हात धुने सुविधा, स्वच्छ खानेपानी र न्यूनतम सरसफाइको व्यवस्था अनिवार्य छ । सफा र हरियाली वातावरण, स्वच्छता शिक्षा र महिनावारी स्वच्छता व्यवस्थापनले विद्यालय पोषण तथा सरसफाइमा योगदान पुऱ्याएको छ ।

बालबालिकालाई नियमित स्वास्थ्य शिक्षा, स्वास्थ्य जाँच, खोप, भिटामिन र आइरन सप्लिमेन्ट वितरण समुदाय र विद्यालय स्तरमा नियमित हुनुपर्दछ ।

छत्रेश्वरी गाउँपालिकामा रहेका ४० वटा सामुदायिक विद्यालयहरूमा बालविकास र शिक्षा देखि कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ । दिवा खाजामा विद्यालयहरूले स्थानीय स्तरमा उत्पादन भएका अर्ग्यानिक र पौष्टिक खानेकुरा उपलब्ध गराउँदै आएका छन् । केही विद्यालयहरूले अझै जङ्क फुड (अखाद्य र रंगीन खाना) खुवाइरहेका कारण पालिकाले स्थानीय परिवेशअनुसारको मेनु तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

माध्यमिक तहका सबै विद्यालयमा स्वास्थ्य तथा पोषण सप्ताह मनाउन योजना बनाउने र सरोकारवालासँग समन्वय गरी सर्वसम्मत रूपमा लागू गर्न जरुरी छ ।

महिनावारी स्वच्छता कार्यक्रम अन्तर्गत कक्षा ६ देखि १२ सम्मका विद्यालयमा सेनिटरी प्याड वितरण भइरहेको छ । सेनिटरी प्याड प्रयोग भएको विद्यालयमा विसर्जनका लागि उपकरण अनिवार्य रूपमा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

प्रत्येक विद्यालयमा खानेपानीका लागि फिल्टर र क्लोरिनेसन जस्ता उपायहरू आवश्यक छन् ।

विद्यालय स्वास्थ्य अन्तर्गत प्राथमिक उपचार किट वितरण, नियमित स्वास्थ्य परीक्षण, पोषण कर्नर स्थापना, पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्व्यसनी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गर्नुपर्छ ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वास्थ्यकर, पोषणयुक्त पौष्टिक खाना उपलब्ध गराउने सुनिश्चितता गर्नु,
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छताका सेवामा सुधार ल्याउनु,
- विद्यालयमा अध्ययनरत बालबालिकाको शारीरिक तथा मानसिक समस्याहरूको पहिचान गरी ती समस्याको निरुपण गरी सिकाइ उपलब्धिमा सुधार गर्नु,
- बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छतासम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु,
- बालबालिकाको व्यक्तिगत सरसफाइमा अभिवृद्दि गर्नु,
- अभिभावकहरूलाई बालबालिकाको पोषणका लागि स्वास्थ्य शिक्षा कार्यक्रम लागू गर्न प्रोत्साहित गर्नु,
- पोषण र यसले बालबालिकाको स्वास्थ्यमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु,
- पोषण र बालबालिकाको स्वास्थ्यसम्बन्धी नीतिगत व्यवस्थाहरू स्थापना र कार्यान्वयन गर्नु र
- सानातिना चोटपटक र सामान्य स्वास्थ्य समस्याहरूको लागि प्राथमिक उपचारको व्यवस्था सुनिश्चित गर्नु ।

### **४.४.३ रणनीतिहरू**

- विद्यालयमा बालबालिकाका लागि पोषिलो र ताजा खाजा तयार गर्ने व्यवस्था गर्ने; खाजा भान्सा, भण्डार, आवश्यक भाँडावर्तन तथा हात धुने सुविधा विस्तार गर्ने र अभिभावकको संलग्नता बढाउने,
- पालिकाका सबै विद्यालयका लागि स्थानीय स्तरमा मान्य स्टान्डर्ड मेनु तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातअनुसार पर्याप्त पानी, साबुन, सफाइ सामग्री, फरक फरक छात्रछात्राका लागि शौचालय, युरिनल, किशोरीका लागि चेन्ज रुम, स्वच्छ खानेपानी, कक्षा तथा परिसर सरसफाइ र घेराबारको व्यवस्था गर्ने । स्यानिटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी र इन्सिनरेटरको व्यवस्था गर्ने,
- अभिभावकहरूलाई पोषण र बालबालिकामा यसको प्रभावबारे वार्षिक रुपमा कम्तिमा दुई पटक चेतना कार्यक्रम, लघु नाटक, सडक नाटक र पर्चा-पम्पलेटमार्फत सचेत बनाउने,

- पालिकास्तरीय बाल स्वास्थ्य तथा पोषण नीति तयार गरी त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- विद्यालयमा नियमित प्राथमिक उपचार किट वितरण, आवधिक स्वास्थ्य जाँच, औषधी तथा सूक्ष्म पोषक तत्व वितरण (भिटामिन ए, आइरन फोलिक एसिड आदि) र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनिटरी प्याड वितरण नियमित र प्रभावकारी बनाउने,
- स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ, स्वच्छता, महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्ने संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने,
- मानसिक स्वास्थ्य सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा र परामर्शको व्यवस्था गर्ने,
- दिवा खाजा तथा स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, पुनरावलोकन गरी प्रभावकारी बनाउने र
- माध्यमिक तहका सबै विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागू गर्ने र अन्य विद्यालयमा परिचालन गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच र सहभागिता भएको हुनेछ ।

#### ख) प्रमुख नतिजाहरू

- दिवा खाजा लगायत स्वास्थ्य तथा पोषणका तीनै तह र अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ,
- सबै बालबालिकाले पोषणयुक्त दिवा खाजा प्राप्त गर्नेछन् र स्वस्थकर, पौष्टिक तथा स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछन् । साथै, जङ्क फुडलाई पूर्णरूपमा निरुत्साहित गरिएको हुनेछ,
- सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त गर्नेछन्,

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र-छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीको व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ,
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आइरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था हुनेछ,
- विद्यालयमा विद्यार्थीहरूले स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त गर्नेछन्,
- फोहर उत्पत्ति भएकै स्रोतबाट फोहर व्यवस्थापन गर्ने नीति बनाइनेछ,
- विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरी पूर्ण सरसफाइका सूचकहरू पूरा गरिनेछ,
- सबै बालबालिकाले पूर्णरूपमा खोप प्राप्त गर्नेछन् र न्यूनतम स्वास्थ्य चेकजाँच गरिनेछ र
- सबै माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्था गरिनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका प्रतिशत | | | १०० | १०० | १०० | |
| २ | पत्रु खाजा प्रतिबन्ध | | | ४३ | ४३ | ४३ | |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | | ० | ४३ | ४३ | |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | | | ४३ | ४३ | ४३ | |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | | | ० | १ | २ | |
| ६ | दिवा खाजा रकम थप गर्नुपर्ने | | | ० | ५ | ५ | |
| ७ | दिवा खाजा प्राप्त गर्ने कक्षाहरु | | | ६ | ६ | ६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | मानसिक समस्याका विद्यार्थीहरुलाई मनोसामाजिक परामर्स सेवा दिने विद्यालय सङ्ख्या | | | ४३ | ४३ | ४३ | |

## ४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | मुख्य क्रियाकलाप हरु | इकाइ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जिम्मेबारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कक्षा १ मा भर्ना भएका बालवालिका लाई खोप तथा शुक्ष्म पोँषक तत्व वितरण | विद्यालय | | | ४३ | ४३ | ४३ | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | संख्या | | | २०९६ | २१०० | २१५० | स्थानीय तह विद्यालय |
| ३ | वार्षिकरुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | | | ४३ | ४३ | ४३ | विद्यालय स्वास्थ्य शाखा |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | | | ० | १ | २ | विद्यालय स्वास्थ्य शाखा संघ |
| ६ | फोहोरमैला व्यबस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको स्यानीटरी प्याड व्यबस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर | विद्यालय | | | ० | ५ | १४ | विद्यालय |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यबस्थापन | विद्यालय | | | १४ | १४ | १४ | शिक्षा शाखा |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | | | १ | १ | १ | पालिका |
| ९ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १० | प्रत्येक माविमा मानसिक स्वास्थ्य तथा लागुऔसध सम्बन्धि सचेतनामुलक कार्यक्रम | विद्यालय | | | ९ | ९ | ९ | पालिका र स्वास्थ्य शाखा |
| ११ | विद्यालयमा आईसि सामग्री वितरण | विद्यालय | | | ९ | ९ | ९ | पालिका र स्वास्थ्य शाखा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | प्रत्येक विद्यालयवाट उत्पति भएको फोहरलाई तत्काल विसर्जन गर्ने नीति अवलम्वन गर्ने । | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १३ | विद्यालय हाताभित्र र वरिपरि जंक खाना खानवाट रोक्ने नीति अवलम्वन गर्ने | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १४ | दिवा खाजाका लागि भान्सा तथा भण्डाँर भाँडावर्तन तथा आवश्यक सामाग्रको प्रवन्ध | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १५ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी  किसान आमा समूहलाइ तालिमा तथा सहयोग | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १५ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधी र सुक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु ( भिटामिन ए आइरन फोलिक एसिड आदि ) | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |
| १७ | मानसिक समस्याका विद्यार्थीहरुलाई मनोसामाजिक परामर्स सेवा | विद्यालय | | | ४३ | ४३ | ४३ | पालिका र स्वास्थ्य शाखा |

## ४.५. आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

विपद्को प्रत्यक्ष प्रभाव मानव जीवनमा मात्र होइन, विद्यालयको पठनपाठनमा समेत देखिन्छ । नेपालजस्तो भौगोलिक विविधता भएको देशमा हिमाल, पहाड र तराई क्षेत्रका विद्यालयहरू हरेक वर्ष विभिन्न प्रकारका विपद्का कारण प्रभावित हुने गरेका छन् । विशेषतः विद्यालयको सुरक्षा, भौतिक पूर्वाधारको अभाव, अपाङ्गतामैत्री संरचनाको कमी, घेराबार, फर्निचरको अभाव जस्ता कारणले बालबालिकाको शिक्षामा नियमितता कायम राख्न कठिन भइरहेको छ ।

सन् २०१५ मा आएको भूकम्प, कोभिड-१९ महामारी (२०७६/०७७), तातो हावा, बाढी, पहिरो, हैजाजस्ता विपद्को कारण लामो समय विद्यालय बन्द हुनुपरेको थियो । जसले बालबालिकाको सिकाइमा प्रत्यक्ष असर पारेको थियो । सिकाइको स्तर घट्नुका साथै विद्यार्थीहरू पठनपाठनबाट टाढा हुन पुगे । कोभिडका कारण बन्द भएका विद्यालयमा नेपाल सरकारले वैकल्पिक शिक्षण सिकाइका कार्यक्रमहरू संचालनमा ल्याएको थियो । जस्तै: अनलाइन पठनपाठन, रेडियो कार्यक्रम, टोल-आधारित सिकाइ, फोनमार्फत सिकाइ, घरमै पढ्ने सामग्री वितरणजस्ता उपायहरू अवलम्बन गरिएका थिए ।

नेपालको संविधानले बालबालिकामाथि हुने सबै प्रकारका विभेद, सजाय र दुर्व्यवहारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा-विहीन बालबालिकाका लागि विशेष सहायता, मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ।

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त राख्ने, दलगत राजनीतिक हस्तक्षेप निषेध गर्ने, भेदभाव, दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने व्यवस्था गरेको छ।

कोभिड-१९ महामारीका सन्दर्भमा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न विभिन्न नीतिगत कार्यक्रमहरू कार्यान्वयनमा आएका छन्, जसमध्ये प्रमुख हुन्:

- सिकाइ सहजीकरण निर्देशिका, २०७७
- विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७
- विद्यालय सञ्चालन कार्यढाँचा, २०७७
- पाठ्यवस्तु समायोजन ढाँचा, २०७७
- एसईई नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७

यी नीति तथा कार्यक्रमहरूले विपद्का समयमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने प्रयत्न गरेका छन्।

### ४.५.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिका भौगोलिक रूपमा विविध र प्राकृतिक प्रकोपहरूको उच्च जोखिमयुक्त क्षेत्र हो। हरेक वर्ष गर्मी, बाढी, पहिरो, वनडढेलो, चट्याङ, महामारी (जस्तै कोभिड-१९) जस्ता विभिन्न प्राकृतिक तथा मानव निर्मित विपद् आउने गर्दछन्।

विद्यालयहरूको भौतिक संरचना पुराना तथा विपद् प्रतिरोधात्मक दृष्टिले कमजोर रहेका छन्। धेरै विद्यालयहरूमा सुरक्षित भवन, पर्याप्त खेलमैदान, अपाङ्गतामैत्री पहुँचयुक्त पूर्वाधार, सुरक्षित खानेपानी र शौचालयको व्यवस्था अझै सन्तोषजनक छैन। कतिपय विद्यालयहरूमा घेराबारको अभावले विद्यार्थीहरूको सुरक्षामा चुनौती सिर्जना भइरहेको छ।

कोभिड-१९ महामारीपछिको पुनःस्थापनाका क्रममा केही सुधारात्मक प्रयासहरू भए तापनि भौगोलिक विकटता, सडक सञ्जालको न्यूनता तथा स्रोतसाधनको सीमितताले गर्दा अधिकांश

विद्यालयहरू विपद्का बेला शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक पूर्वतयारी अवस्थामा छैनन् ।

विद्यालयस्तरमा विपद् व्यवस्थापनसम्बन्धी योजना निर्माणको अवस्था कमजोर छ र विपद् पूर्वतयारीका कार्यक्रमहरू छिटपुट रूपमा मात्र सञ्चालित छन् । शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय समुदायमा विपद् व्यवस्थापन तथा प्रतिकार्यसम्बन्धी जनचेतना र क्षमता विकास गर्न अझ धेरै काम गर्न बाँकी छ ।

कोभिड-१९ महामारीको समयमा साझेदार संस्थाहरूको सहकार्यमा केही विद्यालयहरूमा रेडियो, अनलाइन, टोल-आधारित सिकाइका कार्यक्रम सञ्चालन भएका थिए । तथापि, प्राविधिक पहुँचको सीमितता तथा डिजिटल साधनहरूको अभावले ती कार्यक्रमहरू सबै विद्यार्थीहरूमा समान रूपमा प्रभावकारी हुन सकेका थिएनन् ।

**चुनौतीहरु:**

विपद्को समयमा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतामा देखिएका प्रमुख चुनौतीहरू:

१. अत्यधिक गर्मीका कारण आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरूलाई बेहोस हुने समस्या निराकरण गर्नु,
२. वनजङ्गलमा आगलागी हुँदा बाटोघाटोमा सुरक्षित यात्राको व्यवस्था गर्नु,
३. वर्षायाममा बाढी तथा पहिरोका कारण विद्यार्थीहरू विद्यालय नियमित रूपमा जान सक्ने सहज वातावरणको व्यवस्था गर्नु,
४. विद्यालयमा सुरक्षित भौतिक पूर्वाधार, खेलमैदान, कक्षाकोठा, घेराबार र शौचालयको व्यवस्था गर्नु र
५. भौगोलिक विकटताको कारण विपद् पछिको उपर्युक्त शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्नु ।

**कोभिड-१९ महामारीका बेला विद्यालय शिक्षाको निरन्तरताका लागि विभिन्न साझेदार संस्थासँग सहकार्य गरी सञ्चालन गरिएका वैकल्पिक शिक्षण सिकाइका गतिविधिहरू:**

१. कक्षा १ देखि ३ सम्मका लागि रेडियो स्कुल कार्यक्रम,
२. टोल-आधारित शिक्षण सिकाइ कार्यक्रम,
३. घरदैलो कार्यक्रम,

४. वैकल्पिक शिक्षणका लागि शिविर सञ्चालन,
५. अनलाइन शिक्षण सिकाइ र
६. विद्यार्थीलाई मोबाइलमा सिमकार्ड उपलब्ध गराई शिक्षण सिकाइमा पहुँच सुनिश्चित गर्ने प्रयास गरिएको ।

### ४.५.२ उद्देश्य

- विपद्को समयमा तथा त्यसपछिको अवस्थामासमेत विद्यालयको पठनपाठनलाई वैकल्पिक शिक्षण सिकाइमार्फत निरन्तरता दिने,
- विपद्को समयमा विद्यालय शिक्षालाई निरन्तरता दिनका लागि व्यवस्थापन, संयन्त्र तथा स्रोतको सुनिश्चितता गर्ने र
- पालिकामा विद्यालय सुरक्षित बनाउन तथा विपद् न्यूनीकरणसम्बन्धी गतिविधिहरूमा प्राथमिकता दिने ।

### ४.५.३ रणनीति

- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण गर्न आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,
- नियमित पठनपाठनको विकल्पका रूपमा टोल सिकाइ, फोनबाट सिकाइ, अनलाइन सिकाइ, समूहमा सिकाइ, रेडियो शिक्षाजस्ता उपायहरू अवलम्बन गर्ने,
- विद्यालयमा विपद् व्यवस्थापन, रोकथाम तथा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम तथा पूर्वतयारी अभ्यासहरू सञ्चालन गर्ने,
- कोभिड-१९ लगायतका महामारीबाट जोगिन पूर्वसावधानी, रोकथाम तथा उपचार सम्बन्धी तयारी सुनिश्चित गर्ने,
- महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा असर पार्न सक्ने सम्भावित विपद् तथा संकटहरूको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गर्ने,
- संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान र प्रतिकार्यका लागि विस्तृत योजना तयार गर्ने,
- प्रत्येक विद्यालयमा विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विद्यालयमा आवश्यक भौतिक पूर्वाधारका वैकल्पिक उपायहरू पहिचान गर्ने,

- पालिकाभित्र शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको व्यवस्था गर्ने,
- विद्यालयको विपद् व्यवस्थापन क्षमतामा वृद्धि गर्न तालिम तथा आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्ने,
- विपद्, शान्ति, सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी, अर्धसरकारी तथा गैरसरकारी निकायहरूसँग वडा तहसम्म समन्वय र संयन्त्र निर्माण गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीय सन्दर्भअनुसार अनुकूलन गरी कार्यान्वयन गर्ने,
- प्रविधिमैत्री शिक्षण सिकाइ सामग्रीको विकास गर्ने र
- 'एक विद्यार्थी, एक विरुवा', हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दिगो विकासका लागि शिक्षाजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- पालिकामा विपद्, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाहरूमा पनि बालबालिकाले पठनपाठनलाई निरन्तरता दिने अधिकार सुनिश्चित गरिएको छ ।

**प्रमुख नतिजा**

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा पुनःउत्थानसम्बन्धी योजना र क्षमताको विकास हुनेछ,
- भौतिक, मानवीय तथा आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (resilient) बन्नेछ र
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुने व्यवस्था सुनिश्चित हुनेछ ।

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक गन्तव्य (Targets)

- पालिकाभित्रका सबै विद्यालयहरूमा सिकाइ आपूर्तिको लागि द्रुत योजना (Rapid Response Plan) लागू गरिने,
- पालिकास्तर/ वडास्तरमा विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

- विद्यालय सुधार योजनाभित्र विपद् प्रतिकार्य योजना समावेश गरिने र नियमित रूपमा कार्यान्वयन गरिने,
- विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन तथा अभ्याससम्बन्धी तालिम प्रदान गरिने,
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलताको लागि विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गरिने,
- शिक्षकमाझ विपद्-सम्बन्धी नेतृत्व क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिने,
- सङ्कटासन्नता (vulnerability) मूल्याङ्कनको आधारमा विद्यालयस्तरीय कार्ययोजना तयार गरिने,
- सुरक्षित र भूकम्प प्रतिरोधात्मक भौतिक पूर्वाधार निर्माण गरिने (जस्तै: कक्षाकोठा, शौचालय, खेलमैदान) ,
- विपद्को समयमा विद्यालयमा स्वास्थ्यकर्मीको सहकार्यमा नियमित स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार सेवा प्रदान गरिने र
- साझेदार संस्था तथा पालिकाको सहकार्यमा विपद् प्रभावित क्षेत्रहरूमा साक्षरता कक्षा सञ्चालन गरिने ।

### आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | शिक्षकहरुका लागि स्तर अनुसारको सिकाई तालमि — सिकाइ आपूरण तथा दुरत सिकाइ | पटक | | | १ | १ | १ | ३ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| २ | पालिका मा विपत् प्रतिकार्य योजना निर्माण | पटक | | | ० | १ | १ | २ | |
| ३ | उत्थानसिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | पटक | | | ० | १ | १ | २ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | | | ० | १ | १ | २ | |
| ५ | वैकल्पिक सिकाइका लागि शिक्षकहरुलाई तालिम | पटक | | | ० | १ | १ | २ | |
| ६ | एक विद्यार्थी एक विरुवा अभियान | पटक | | | ० | १ | १ | २ | |
| ७ | स्वास्थ्य सुविधा सहितको विद्यालय नर्स व्यवस्था | जना | | | ० | १ | १ | २ | |
| ८ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | | | | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १० | विद्यालयको सुधार योजनामा वैकल्पिक सिकाइका योजना निर्माण तथा कार्यान्वयन | पटक | | | ० | १ | १ | २ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकामा हाल १ वटा सुस्त श्रवण स्रोत कक्षा सहित **४० वटा सामुदायिक विद्यालय**, **३ वटा संस्थागत विद्यालय** र **१ वटा सामुदायिक सिकाइ केन्द्र** रहेका छन् । विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सरकारका निर्माण कार्यक्रम, स्थानीय तहका स्रोत तथा विकास साझेदार संस्थाहरूको सहयोगबाट विविध पूर्वाधार निर्माण तथा सुधार कार्यहरू भइरहेको छ ।

हालसम्म पालिकाभित्र:

- ९ वटा माध्यमिक विद्यालयमा किशोरीमैत्री शौचालय स्थापना गरिएको छ,
- २९ वटा विद्यालयमा बालमैत्री कक्षाकोठा र बाल पुस्तकालय स्थापना गरिएको छ,
- १३ वटा विद्यालयमा प्रविधिमैत्री सामग्रीको पहुँच विस्तार गरिएको छ,
- केही विद्यालयहरूमा खेलमैदान तथा पक्की भवन निर्माण सम्पन्न भएको छ,

तर अझै पनि पालिकाभित्रका धैरै विद्यालयहरूमा भूकम्प प्रतिरोधात्मक संरचना निर्माण नपुगेको, पुराना तथा असुरक्षित भवनहरू कायम रहेको, अपाङ्गतामैत्री पहुँचयुक्त संरचनाको अभाव, स्वच्छ पिउने पानी तथा शौचालय सुविधा अपुग रहेको, पर्याप्त खेलमैदान र खुला स्थानको कमी देखिन्छ ।

धैरै विद्यालयहरूमा घेराबारको अभाव छ जसले गर्दा विद्यार्थीहरूको सुरक्षा चुनौतीपूर्ण बनेको छ । फर्निचरको अवस्था हेर्दा, धैरै विद्यालयमा पुराना, जीर्ण र अपर्याप्त डेस्क–बेंचहरू प्रयोग भइरहेका

छन् । प्रविधिमैत्री शिक्षण सिकाइका लागि ICT पूर्वाधार विस्तारको क्रम जारी भए पनि अझ धेरै विद्यालयहरूमा यस प्रकारको पहुँच अपुग छ ।

**भौतिक पूर्वाधार विकासका प्रमुख चुनौतीहरू:**

१. अधिकांश विद्यालयका संरचनाहरू जीर्ण अवस्थामा भएका कारण पुनर्निर्माण र पुनर्सम्भार गर्नुपर्ने ।
२. अपाङ्गतामैत्री तथा बालमैत्री पूर्वाधारको व्यवस्था गर्नुपर्ने,
३. बालबालिकालाई उपर्युक्त बालमैत्री फर्निचरको व्यवस्था गर्नुपर्ने,
४. विद्यालयहरूलाई जलवायु परिवर्तनजन्य जोखिमहरू जस्तै: उच्च तापमान, बाढी, पहिरोबाट सुरक्षित बनाउनुपर्ने,
५. डिजिटल शिक्षाको कार्यान्वयनमा विद्युत् आपूर्तिको नियमितता गर्नुपर्ने र
६. जोखिमयुक्त स्थान जस्तै: बाढी पहिरोको खतरामा रहेका विद्यालयहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने ।

### ४.६.२ उद्देश्यहरू

१. पहुँचयुक्त विद्यालय भवन, शौचालय तथा अन्य आवश्यक भौतिक संरचनाहरूको निर्माण गर्ने,
२. भूकम्प प्रतिरोधी तथा विपद् न्यूनीकरणमा सक्षम संरचना निर्माण गर्ने,
३. विद्यालयमा वर्षभरि सवारीसाधनको सहज पहुँच सुनिश्चित गर्ने र
४. जीर्ण तथा पुराना भवनको सुदृढीकरण गरी वातावरणमैत्री र जलवायु परिवर्तनका असरबाट सुरक्षित शिक्षण सिकाइको वातावरण तयार गर्ने ।

### ४.६.३ रणनीतिहरू

१. प्रत्येक विद्यालयको भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी मापदण्डको अनिवार्य प्रयोग गर्ने,
२. लैङ्गिक र अपाङ्गतामैत्री पूर्वाधार निर्माणका लागि पहुँचयुक्तताको सिद्धान्त अपनाउने,
३. सबै विद्यालयलाई सडक सञ्जालसँग जोड्ने कार्यलाई प्राथमिकता दिने,
४. जीर्ण तर सबलीकरणयोग्य विद्यालय भवनलाई न्यून लागतमा पुनः प्रयोगमा ल्याउने,
५. "एक विद्यालय, एक खेलमैदान" अभियान अन्तर्गत आवश्यक समन्वय गरी निर्माण सुनिश्चित गर्ने,
६. प्रविधिमैत्री शिक्षण सिकाइको प्रवर्धनका लागि सरोकारवाला निकायसँग सहकार्य गर्ने,

७. भवन निर्माण गर्दा छत्रेश्वरी गाउँपालिकाको भवन निर्माणसम्बन्धी मापदण्ड अनिवार्य रूपमा लागू गर्ने,
८. पालिकाका यान्त्रिक उपकरण प्रयोग गरी विद्यालयसम्म सडक सञ्जाल विस्तार गर्ने,
९. बालमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधार तथा फर्निचर निर्माणका लागि सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने,
१०. विद्यालयमा स्वच्छ खानेपानीको सुनिश्चितताका लागि उच्च प्राथमिकता दिने र
११. स्मार्ट शिक्षाको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्थापन गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिहरू:**

१. मजबुत भवन र पर्याप्त कक्षाकोठा उपलब्ध भएपछि विद्यालयमा शैक्षिक गतिविधि व्यवस्थित भई बालबालिकाको जीउधनको सुरक्षा सुनिश्चित हुने,
२. सडक पहुँच भएका विद्यालयहरूमा सबै वर्गका विद्यार्थीहरूको उपस्थिति सहज र नियमित हुने,
३. पहुँचयुक्त शौचालय र स्वच्छ सफा कोठाको निर्माणले बालबालिकालाई स्वास्थ्यसम्बन्धी जोखिमहरू (विशेष गरी पानीजन्य रोगहरू) न्यूनीकरण गर्न सहयोग पुग्ने,
४. स्मार्ट शिक्षाको अवधारणाबाट समस्या समाधान क्षमतामा वृद्धि हुनुका साथै सिर्जनशीलताको विकास हुने, जसले सिकाइलाई प्रभावकारी बनाउने र
५. खेलमैदान लगायतका संरचनागत विकासले शारीरिक स्वास्थ्यसँगै बालबालिकाको प्रतिभा प्रस्फुटन भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्न सकिने वातावरण निर्माण हुने।

### ४.६.५ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक गन्तव्यहरू (Target)

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | जम्मा | |
| १ | अपाङ्गतामैत्री शौचालय निर्माण | विद्यालय सङ्ख्या | | | १ | ९ | १४ | १४ | |
| २ | विद्यालय भवनहरूको मर्मत/ सम्भार | विद्यालय सङ्ख्या | | | ४ | ९ | १५ | १५ | |
| ३ | विद्यालयहरुमा घेराबार निर्माण | विद्यालय सङ्ख्या | | | २० | ३० | ४० | ४० | |
| ४ | विद्यालयमा संरचनाहरूको मर्मत तथा सम्भार सम्बन्धि कार्यविधि निर्माण तथा अध्यावधिक | सङ्ख्या | | | ० | १ | १ | २ | |

## ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को पहुँच विस्तार हुँदै गएको छ । कोभिड-१९ महामारीको समयमा वैकल्पिक सिकाइ विधिहरू प्रयोग गरिँदा प्रविधिको प्रयोगको महत्त्व अझ बढेको देखिएको छ । हाल पालिकाका ४० वटा सामुदायिक विद्यालयमध्ये अधिकांश विद्यालयहरूमा इन्टरनेट जडानको प्रक्रिया अगाडि बढिरहेको छ, ३७ वटा विद्यालयहरूमा ई-हाजिरी प्रणाली लागू भइसकेको छ र केही विद्यालयहरूमा स्मार्ट बोर्ड, प्रोजेक्टर र ICT ल्याबको माध्यमबाट प्रविधिमैत्री शिक्षण सिकाइको थालनी भइसकेको छ। यद्यपि पर्याप्त पूर्वाधार, उपकरणको नियमित मर्मत र दक्ष जनशक्तिको कमी अझै चुनौतीका रूपमा रहँदै आएको छ। त्यसैले आगामी पाँच

वर्षमा सूचना तथा सञ्चार प्रविधिको पहुँच, गुणस्तरीय प्रयोग र समावेशी शिक्षा प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन्।

**मुख्य समस्या:**

- कम्प्युटर र प्रविधि सामग्रीको अभाव,
- इन्टरनेट सेवा पर्याप्त छैन वा नियमित छैन,
- प्रविधि प्रयोग गर्न सक्ने शिक्षकहरूको कमी र
- पाठ्यक्रमसँग मेल खाने डिजिटल सामग्रीको अभाव।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरी गुणस्तरीय शिक्षा प्रवाह गर्नु,
२. सबै विद्यालयहरूमा डिजिटल पहुँच विस्तार गर्नु र
३. शिक्षक र विद्यार्थीलाई प्रविधिमैत्री बनाउने तालिम तथा सामग्रीको व्यवस्था गर्नु।

### ४.७.३ रणनीतिहरू

- प्राथमिक र माध्यमिक विद्यालयहरूमा ICT प्रयोगशाला स्थापना गर्ने,
- शिक्षकहरूलाई ICT प्रयोगसम्बन्धी नियमित तालिम प्रदान गर्ने,
- डिजिटल शिक्षण सिकाइ सामग्री विकास गर्ने र प्रयोगमा ल्याउने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई प्रभावकारी बनाउने
- निजी क्षेत्र तथा साझेदार संस्थासँग सहकार्य गरी प्रविधि अभिवृद्धि गर्ने। सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,

- सामुदायिक अध्ययन केन्द्रहरूमा डिजिटल लर्निङ्ग सेन्टर स्थापना गर्ने,
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित व्यवस्थापन र प्रयोग गर्ने,
- सबै विद्यालयमा स्मार्ट बोर्डको प्रयोग गरी अध्यापन गर्ने र
- स्मार्ट एन्ड्रोइड प्रविधिको प्रयोग प्रवर्द्धन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने ।

**प्रमुख नतिजा:**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने,
- विद्यार्थीहरूले विद्यालय छोड्ने दर घट्ने र
- शिक्षक तथा विद्यार्थीहरू सूचना प्रविधिको प्रयोगमा दक्ष हुने ।

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Targets):

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | पटक | | | ९ | १४ | ४० | ४० | संघ प्रदेश र स्थानीय तह |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | | | ३७ | ३७ | ४० | ४० | संघ प्रदेश र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | | | १ | १ | १ | ३ | प्रदेश र स्थानीय तह |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | | | ९ | १४ | १७ | ४० | संघ, प्रदेश स्थानीय तह र संघ संस्था |
| ५ | IEMIS व्यवस्थापन | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | | संघ प्रदेश स्थानीय तह र विद्यालय |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | | | ३७ | ३७ | ४० | ४० | स्थानीय तह |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरुको भर्चुअल कक्षा संचालन | विद्यालय | | | ९ | १४ | २९ | २९ | स्थानीय तह र विद्यालय |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | वटा | | | ९ | १४ | २९ | २९ | संघ, प्रदेश, स्थानीय तह र विद्यालय |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | | | १ | १ | १ | ३ | संघ, प्रदेश, स्थानीय तह र विद्यालय |
| ११ | सवै विद्यालयलाइ IEMIS व्यवस्थापन सम्बन्धी तालिम | पटक | | | १ | १ | १ | ३ | स्थानिय तह |
| १२ | विद्युतको पहुँच पुगेको विद्यालय सङ्ख्या | पटक | | | २९ | ४० | ४० | ४० | स्थानीय तह |
| १३ | स्मार्ट वोर्डको पहुच पुगेको विद्यालय | वटा | | | ९ | १४ | २९ | २९ | स्थानीय तह |
| १४ | आइ सिटी ल्यावको व्यवस्था | वटा | | | ९ | १४ | २९ | २९ | स्थानीय तह |
| १५ | डिजिटल पुस्तकालय | वटा | | | ९ | १४ | २९ | २९ | स्थानीय तह |
| १६ | विज्ञान प्रयोगशाला | वटा | | | ९ | १४ | २९ | २९ | स्थानीय तह |
| १७ | प्रत्येक विद्यालयमा इन्टरनेटको जडान | वटा | | | ३७ | ४० | ४० | ४० | स्थानीय तह |

# परिच्छेद ५: उच्च शिक्षाको व्यवस्थापन

## ५.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकाभित्र हाल शारदा क्याम्पस शङ्खमूल नामक एक उच्च शिक्षण संस्था सञ्चालनमा छ, जहाँ स्नातक (Bachelor) र स्नातकोत्तर (Master) तहको पठनपाठन हुँदै आएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या क्रमशः वृद्धि भइरहेको छ ।

यद्यपि, अन्य स्थानीय विद्यालयहरूमा कक्षा ११ र १२ मात्र सञ्चालन भइरहेका छन् । पालिकाभित्रको एक मात्र क्याम्पसले सबै विषयगत आवश्यकता पुरा गर्न नसकेको र विविध विषय तथा प्राविधिक शिक्षामा अवसर अभाव रहेको छ । अधिकांश विद्यार्थीहरू अझै पनि विविध विषय र सुविधायुक्त शिक्षाका लागि बाह्य जिल्लाहरू (दाङ, सुर्खेत, नेपालगञ्ज, काठमाडौँ) तर्फ जाने प्रवृत्ति रहेको छ ।

## ५.२ उद्देश्यहरू

१. उच्च शिक्षामा पहुँच र सहभागिता बढाउने ।
२. विविध विषयगत तथा व्यवसायिक कार्यक्रमहरूको विकास गरी रोजगारीमुखी शिक्षामा जोड दिने ।
३. स्थानीय स्तरमै गुणस्तरीय उच्च शिक्षा हासिल गर्ने अवसर सृजना गर्ने ।
४. युवाहरूलाई प्राविधिक, व्यावसायिक तथा उद्यमशील सीप प्रदान गरी आत्मनिर्भर बनाउने ।

## ५.३ रणनीतिहरू

१. शारदा क्याम्पसको शैक्षिक, भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर विकास गर्न सहयोग गर्ने ।
२. कक्षा ११ र १२ तथा उच्च शिक्षामा व्यवसायिक, प्रविधिमैत्री तथा रोजगारीमुखी विषयहरू पठनपाठन गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम केन्द्र स्थापना र सञ्चालनमा सहकार्य गर्ने ।
४. उच्च शिक्षामा पहुँच बढाउन छात्रवृत्ति र अन्य प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
५. प्रदेश र सङ्घीय सरकार, विश्वविद्यालय, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य गरी कार्यक्रमहरू विस्तार गर्ने ।

६. डिजिटल शिक्षण र IT प्रयोग प्रवर्द्धन गर्ने ।

## ५.४ प्रमुख उपलब्धि तथा नतिजा

१. स्थानीय स्तरमै उच्च शिक्षाको अवसर सृजना भई विद्यार्थीहरूको बाह्य पलायनमा कमी आउने ।
२. विविध विषय र व्यावसायिक शिक्षाबाट युवाहरूको स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन हुने ।
३. गुणस्तरीय र समावेशी उच्च शिक्षा प्रणालीको विकास हुने ।
४. सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइमा नवीनता आउने ।
५. गाउँपालिकाभित्रै सिपयुक्त मानव संसाधन तयार हुने ।

## ५.५ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक गन्तव्यहरू (Target)

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | |
| १ | शारदा क्याम्पसको पूर्वाधार र शैक्षिक गुणस्तर सुधार योजना निर्माण | पटक | ० | १ | १ | |
| २ | कक्षा ११ र १२ मा व्यवसायिक तथा प्रविधिमैत्री विषयको सञ्चालन | विद्यालय सङ्ख्या | १ | १ | १ | |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम केन्द्र स्थापनाका लागि पहल | केन्द्र सङ्ख्या | १ | १ | १ | |
| ४ | उच्च शिक्षाका लागि छात्रवृत्ति वितरण | छात्र सङ्ख्या | ० | १४ | २१ | |
| ५ | विश्वविद्यालय, निजी क्षेत्र र सहकारीहरूसँग सहकार्य गरी नयाँ कार्यक्रम सञ्चालन | सम्झौता सङ्ख्यामा | ० | २ | ३ | |

# परिच्छेद ६: शुसासन तथा व्यवस्थापन

## शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

### ६.१.१ वर्तमान अवस्था

छत्रेश्वरी गाउँपालिकामा रहेका शाखाहरुमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना सातौं अधिकृत तथा एक जना प्राविधिक सहायकले यो संरचनामा रहेर काम गरिरहेका छन् । शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरु सञ्चालन गर्न पाएको छैन । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो न्यून छ ।

सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

प्रत्येक वडाहरूमा वडा शिक्षा समिति गठन गरिएको छ। तर अधिकांश वडा शिक्षा समितिले प्रभावकारी ढंगले काम गरेको देखिदैन। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरुले उपलव्धिपुर्ण तरिकाले काम गरेको देखिदैन।यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका

चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागिआवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐनअनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरुबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरु एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरुबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ६.१.२ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने र
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

### ६.१.३ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ,
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ,

- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

**प्रमुख नतिजा:**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

- आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास
- संस्थागत संरचना निर्माण तथा क्षमता विकास
- प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण
- कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने
- शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन

- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने
- विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने

## संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | संख्या | | | | १ | | १ | संघ, प्रदेश तथा स्थानिय तह |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | संख्या | | | ४० | ४० | ४० | | विद्यालय |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | संख्या | | | ४० | ४० | ४० | ४० | स्थानीय तह |
| ४ | वि व्य स र शि अ सं का पदाधिकारीहरूको क्षमता विकास | संख्या | | | ४० | ४० | ४० | ४० | स्थानीय तह |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास | संख्या | | | ४९ | ४९ | ४९ | ४९ | प्रदेश र स्थानीय तह |
| ६ | गाउँपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास | पटक | | | १ | १ | १ | १ | संघ र प्रदेश |
| ७ | सबै वडा शिक्षा समिति गठन, पुनर्गठन, क्षमता | पटक | | | १ | १ | १ | १ | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| | विकास गर्ने र जिम्मेवार बनाउने | | | | | | | | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

सबै नागरिकहरुलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संबैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाई केन्द्रहरुका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन, कोचिङ सेन्टरहरुको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरुको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरुलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययीता, नियमित, प्रभावकारी र पारदर्शी ढँगले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरुलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा संघीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरुलाई विद्यालयहरुमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता वढाउँदै समग्र पक्षमा वित्तिय अनुशासन कायम गर्नु पर्नेछ।

## ७.१ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरु हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरुमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरु केन्द्रित रहेका छन। विद्यार्थी संख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१,०५२.५८ रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग, सामुदायिक वनको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरु बनेकाछन।

पञ्चबर्षीय पालिका शिक्षा योजना कार्यान्वयनको वित्तिय व्यवस्थापनका मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहने छन। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहने छ। शिक्षा क्षेत्रमा कार्य गर्ने सघं संस्थाहरुलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तिय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु,शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तिय सुशासन कायम गर्ने कार्यहरु प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरुलाईनियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपशिल बमोजिम गरिएको छ।

| क्र.स. | वित्तिय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संघिय सरकार | २६१२०२६३८ | ६० | |
| २ | प्रदेश सरकार | ६५३००६६० | १५ | |
| ३ | स्थानिय सरकार | ४३५३३७७३ | १० | |
| ४ | अभिभावक तथा समुदाय | ४३५३३७७ | १ | |
| ५ | संघ संस्था तथा दातृनिकाय | २१७६६८८७ | ५ | |
| ६ | स्थानिय दाता तथा अन्य श्रोत परिचालन | १३०६०१३२ | ३ | |
| ७ | अपुग रकम | २६१२०२६४ | ६ | |
| | जम्मा | ४३५३३७७३० | १०० % | |

## ७.२ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ७.३ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**प्रमुख नतिजा:**

- उपलब्ध स्रोतको अनुमान र विश्लेषण
  - अपेक्षा र नीतिका आधारमा अनुमान
  - स्रोतको उपलब्धताको अनुमान
- प्रस्तावित कार्यक्रम र बजेट अनुमान
  - प्रस्तावित बजेटमा नपुग स्रोत पुरागर्ने उपाय

प्रस्तावित रकममा नपुगहुने रकम गाउँपालिकाको आन्तरिक स्रोतबाट र स्थानिय स्तरका सामुदायीक वन ,आमा समुह बाट समेत अनुरोध गरी स्रोत जुटाइने छ ।

## ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक गन्तव्य (Target) :

- सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | बजेट आँकलन (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| प्रारम्भिक बालविकास र शिक्षा | ५८३४८६८० | - | - | १७६२८००० | १९३९०८०० | २१३२९८८० | १०२७०००० | ० | ७३५८०००० | ० |
| आधारभूत शिक्षा (कक्षा १ - ८) | २३२६१०१६० | - | - | १००२६३०० | ११०२८९३०० | १२१३१८२३० | ९६९७४०० | ० | ३२८९०० | ० |
| माध्यमिक शिक्षा (कक्षा ९-१२) | ५९८७४५९० | - | - | १८०८९००० | १९८९७९०० | २१८८७६९० | १७७६४००० | ० | ३२५००० | ० |
| उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्ध | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | बजेट आँकलन (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |
| पाठ्यक्रम र पाठ्यसामाग्री | १५५१०६६० | - | - | ४६८६००० | ५१५४६०० | ५६७००६० | ३२८६००० | ० | १४००००० | ० |
| शिक्षक व्यवस्थापन र विकास | ४६५७१७० | - | - | १४०७००० | १५४७७०० | १७०२४७० | ११७७००० | ० | २३०००० | ० |
| विद्यालय व्यवस्थापन | ८४९०१५० | - | - | २५६५००० | २८२१५०० | ३१०३६५० | २५६५००० | ० | ० | ० |
| निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | ९९३००० | - | - | ३००००० | ३३०००० | ३६३००० | ३००००० | ० | ० | ० |
| गुणस्तरीय सार्वजनिक शिक्षा | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | बजेट आँकलन (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| आर्थिकतथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |
| शिक्षामा सूचना प्रविधि | ४४६८५०० | - | - | १३५०००० | १४८५००० | १६३३५०० | ६५०००० | ० | ७००००० | ० |
| आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |
| संस्थागत संरचना र क्षमता विकास | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |
| कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | ० | - | - | ० | ० | ० | ० | ० | ० | ० |
| दिवा खाजा | १९४५६१८० | - | - | ५८७८००० | ६४६५८०० | ७११२३८० | ५८७८००० | ० | ० | ० |

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | बजेट आँकलन (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| छात्रबृत्ति | ७००३९६० | - | - | २११६००० | २३२७६०० | २५६०३६० | २११६००० | ० | ० | ० |
| खेलकुद | ७४४७५०० | - | - | २२५०००० | २४७५००० | २७२२५०० | ० | ० | २२५००००<br>० | ० |
| प्रतिबिद्यार्थी लागत | ३५३५०८० | - | - | १०६८००० | ११७४८०० | १२९२२८० | १०६८००० | ० | ० | ० |
| सेनिटरि प्याट | ४३३६१०० | - | - | १३१०००० | १४४१००० | १५८५१०० | १३१०००० | ० | ० | ० |
| शिक्षक कर्मचारी प्रोत्साहन | ६६२००० | - | - | २००००० | २२०००० | २४२००० | ० | ० | २००००० | ० |
| अन्तरबिद्यालय भ्रमण र अनुभब आदानप्रदान | ६६२००० | - | - | २००००० | २२०००० | २४२००० | ० | ० | २००००० | ० |
| अभिभावक शिक्षा र उत्प्रेरणा | ६६२००० | - | - | २००००० | २२०००० | २४२००० | ० | ० | २००००० | ० |
| पूर्वाधार विकास | ४५०००००<br>० | | | १००००००<br>० | १५०००००<br>० | २००००००<br>० | ० | १०००००<br>०० | ० | ० |
| बिविध | ३३१०००० | - | - | १०००००० | ११००००० | १२१०००० | ० | ० | १०००००<br>० | ० |
| अन्य | ३३१०००० | - | - | १०००००० | ११००००० | १२१०००० | ० | ० | १०००००<br>० | ० |

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | बजेट आँकलन (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| कुल जम्मा | ४८०३३७७३० | ० | ० | १७१५१०००० | १९२६६१००० | २१५४२७१०० | १४३३५८००० | १००००००० | १८१५२००० | ० |

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मुल्याङकन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मुल्याङकन गरिने छ । छत्रेश्वरी गाउँपालिकाको पालिका शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष, पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | वार्षिक २ | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | पालिका शिक्षा शाखा | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक १ | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | तोकिएको अधिकारी | वार्षिक १ | |
| ११ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | त्रैमासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघ संस्था | | तोकिएको अधिकारी | मासिक | |

पालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरुलाई भेला गराई, सुचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरुले यस योजनासँग सम्वन्धित तह तथा निकायहरुसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरु, सम्वन्धित समिति तथा उपसमितिहरुको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ८.२ लक्ष्य

- शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

## ८.३ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने
- स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्ने
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने

## ८.४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिने छ
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ

- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिने छ
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ

## ८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**प्रमुख नतिजा:**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा र्सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

## प्रमुख क्रियाकलाप र लक्ष्य:

- अनुगमन पद्धति विकास तथा कार्यान्वयन
- अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक
- अनुगमन
- चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन
- स्थिति प्रतिवेदन तयारी
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण
- विद्यालयको कार्यसम्पादन परीक्षण
- क्षमता विकास
- सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने
- विद्यालयको लेखा परीक्षण
- अध्ययन तथा अनुसन्धान

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | | | २ | २ | २ | ६ | संघ, स्थानिय तह |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| | नियमित अनुगमन गर्ने | | | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | | | ३ | ३ | ३ | ९ | संघ प्रदेश र पालिका |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | | | १ | १ | १ | ३ | संघ तथा प्रदेश स्थानीय तह |
| ५ | विद्यार्थीको सिकाइ उपलव्धी परिक्षण गर्ने | पटक | | | १ | १ | १ | ३ | संघ सँग समन्वय गरेर कक्षा ३, ५ र ८, १० |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) संचालन गर्ने | पटक/कक्षा | | | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | १ पटक / कक्षा १, २ र ३ | ३ पटक /कक्षा १, २ र ३ | संघ, स्थानिय तह, NEGRP |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने। | पटक | | | १ | १ | १ | ३ | संघ सँग समन्वय गरेर |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| ८ | विद्यालयहरुको सामाजिक परिक्षण | पटक | | | १ | १ | १ | ३ | विद्यालय |
| ९ | विद्यालयहरूको लेखा परिक्षण | पटक | | | १ | १ | १ | ३ | स्थानीय तह |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | | | १ | १ | १ | ३ | स्थानीय तह |
| ११ | विज्ञ समुह, विद्यालय निरक्षक तथा शिक्षक सिकाइ समुह मार्फत, शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | | | ४३ | ४३ | ४३ | ४३ | स्थानीय तह विद्यालय शिक्षा विकास तथा समन्वय इकाई |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | | | १ | १ | १ | ३ | स्थनीय तह |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका शिक्षा विकास तथा समन्वय इकाई |

# अनुसूची-१

आज मिति: २०८१ साल श्रावण ३० गते बुधवारका दिन विहान ८:०० बजे यस छत्रेश्वरि गाउँपालिकाको सभा हलमा गाउँ कार्यपालिकाको अध्यक्ष श्री ओज बहादुर बुढाथोकी ज्यूको अध्यक्षतामा चालु आ.व. २०८१।८२ को पहिलो कार्यपालिकाको बैठक कार्यपालिकाका तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ओज वहादुर बुढाथोकी | अध्यक्ष | |
| २ | वुद्ध कुमारी खत्री | उपाध्यक्ष | |
| ३ | गुरु प्रसाद योगी | प्र. प्रशासकीय अधिकृत | |
| ४ | प्रकाश हमाल | सदस्य | |
| ५ | प्रेम वहादुर नेपाली | सदस्य | |
| ६ | तिर्थराज दाहाल | सदस्य | |
| ७ | छविलाल खत्री | सदस्य | |
| ८ | फौद वहादुर वस्नेत | सदस्य | |
| ९ | टिकाराम वुढा | सदस्य | |
| १० | टेक वहादुर विष्ट | सदस्य | |
| ११ | तिला घर्ती | सदस्य | |
| १२ | पवित्रा डाँगी | सदस्य | |
| १३ | रेणु वि.क. | सदस्य | |
| १४ | तुलसा वि.क. | सदस्य | |
| १५ | विर वहादुर वि.क. | सदस्य | |
| १६ | वशन्ता जि.सि. | सदस्य | |

अन्य उपस्थिति:

मिलन कुमार वली — सूचना प्रविधि अधिकृत

दामोदर खडका — का स

## पहिलो कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं १ प्रस्ताव नं. १ मा छलफल गर्दा छत्रेश्वरी गाउँपालिकाका कार्यपालिका सदस्य श्री पवित्रा डाँगी घरको भर्याङबाट लडेर सिकिस्त बिरामी भई उपचार गराइरहेको हुँदा निजको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण उपचार गराउन गाह्रो भएकोले निजलाई औषधि उपचार सहयोगार्थ रु ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २ मा छलफल गर्दा यस छत्रेश्वरी गाउँपालिकाको पञ्च वर्षिय शिक्षा क्षेत्र योजना २०७९-२०८३ लाई परिमार्जन गर्नका लागी तपसिल बमोजिमको मस्यौदा समिति गठन गर्ने र उक्त समितिले गठन भएको मितिले १ महिना भित्र मस्यौदा तयार गरी गाउँपालिकामा पारितको लागी पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. फौद बहादुर बस्नेत | संयोजक, सामाजिक विकास समिती |
| २. तुल्सि चन्द | शिक्षक |
| ३. शिव सिं पुन | प्रा. स. |
| ४. दिलमाया राना | शिक्षक |
| ५. बालाराम वली | शिक्षक |
| ६. जाकिर बक्स मिया | शिक्षक |
| ७. शान्ता के सी | स्रोत कक्षा शिक्षक |
| ७. केशर बहादुर वली | सदस्य सचिव |

प्रविधिक सल्लाहकार

१. पद्म बहादुर कठायत यु. एस.ए. आइ. डी. प्रारम्भिक कक्षा शिकाई कार्यक्रम संयोजक

२. तपेन्द्र वली रुम टु रिड वरिष्ट कार्यक्रम संयोजक

३. लक्ष्मण थापा आसमान नेपाल रियर प्लान तालिम प्रशिक्षक

निर्णय नं ३. प्रस्ताव नं. ३ मा छलफल गर्दा लुहाम जिताठान मोटरबाटो निर्माण गर्दा ढुङ्गा खसेर छत्रेश्वरी गाउँपालिका ७ जिताठान निवासी गिता विष्टलाई गम्भिर चोट लागेर ग्राण्डी अस्पताल काठमाण्डौमा उपचार भैरहेको र उपचारको क्रममा खर्च झण्डै १२ लाख खर्च भैसकेको बुझिएको

निर्णय प्रमाणित

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भोटेचौर, सल्यान
अद्यावधिक २०८१